म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७८ मंगलबार, १८ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 4 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जेनजी आन्दोलनमा मृत्यु भएका ४५ जना शहीद घोषणा

हेटौंडा, १७ कात्तिक/सरकारले भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा ज्यान गुमाएकामध्ये ४५ जनालाई राज्यको तर्फबाट शहीद घोषणा गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिएका छन् । उनका अनुसार गृह मन्त्रालयअन्तर्गत रहेको समिति र अन्य सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयबाट आएको अध्ययनबाट ४५ जना व्यक्तिलाई शहीद घोषणा गरेको थपको बारेमा अध्ययन भइरहेको छ ।

बैठकले वैदेशिक रोजगार न्यायाधीकरणको सदस्यमा सहन्यायाधीवक्ता घनश्याम ओझालाई तोकेको छ । व्यक्तिको छानबीन, सत्यनिरुपण तथा मेलमिलापको सञ्चालन नियमावली, २०८२ स्वीकृत गरेको मन्त्री खरेलले बताए । यस्तै विपद् संकटग्रस्त जिल्ला घोषणा इलाम जिल्लाका प्रभावित तहलाई सहयोग उपलब्ध गराउन आवश्यक पर्ने रकम पाँच करोड ३० लाख विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय भएको प्रवक्ता खरेलले जानकारी दिए ।

### सभामुख चयनमा सत्तारुढ दलभित्रै असहमति, प्रदेशसभा बैठक अन्यौल

# मुख्यमन्त्री बानियाँ केन्द्रीय समितिको बैठकमा व्यस्त

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ बागमती प्रदेशमा सभामुख चयन प्रक्रियामा सत्तारुढ दलभित्र सहमति जुट्न नसक्दा प्रदेशसभा बैठक सञ्चालन अन्योलमा परेको छ ।



प्रदेश सरकारले कात्तिक महिनाको अन्त्यमा प्रदेशसभा सञ्चालन गर्ने तयारी गरेपनि सभामुख चयन प्रक्रियाको विषयमा सत्तारुढ दलभित्र सहमति नजुटेका कारण प्रदेशसभा सञ्चालन अन्योलमा परेको हो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलगत्तै सभामुख भुवनकुमार पाठकले राजीनामा दिएपछि हाल यो पदरिक्त छ । संविधानत: अब बस्ने प्रदेशसभा बैठकमा उपसभामुख अप्सरा चापागाईंले सभामुख पाठकको राजीनामापत्र पढेर सुनाउनुपर्ने हुन्छ । पत्र पढेर सुनाएको १५ दिनभित्र सभामुख चयन प्रक्रिया पूरा भइसक्नुपर्ने हुन्छ ।

हाल सदनको सबैभन्दा ठुलो दल र सरकारको नेतृत्व गरि रहेको पार्टी नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक जारी रहेको छ । जसको कारण सभामुखको विषयमा सत्तारुढ एमालेसँग सभामुखको विषयमा सहमति भएको छैन । त्यही कारण प्रदेशसभा बैठकको मिति तय नभएको बताइएको छ । कांग्रेस केन्द्रीय समितिको बैठक लम्बिएको र बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ सहभागी हुनुपर्ने भएकाले प्रदेशसभाको बैठक अनिश्चित बनेको छ । मुख्यमन्त्री बानियाँले पार्टीको केन्द्रीय समितिको बैठकपश्चात् मात्र प्रदेशसभाको बैठक बोलाउने बताएकाले बैठकको मिति तय हुन नसकेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिएका छन् ।

प्रदेशसभाको बैठकका लागि उपसभामुख चापागाईंले प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरुसँग परामर्श गरिरहेको र परामर्शपश्चात् प्रदेशसभाको बैठकको मिति तय हुने सचिव पौडेलले बताए । सम्भवत: कात्तिकको तेस्रो सातातिर बैठक बोलाउने गरी छलफल अघि बढेको उनले बताए । मुख्यमन्त्री बानियाँले बैठकको लागि सभाकक्ष मर्मतकार्य अन्तिमचरणमा पुगेको र काँग्रेस केन्द्रीय समितिको बैठकपश्चात् प्रदेशसभाको बैठक तय हुने बताए । 'बैठक बस्नका लागि सभाहल मर्मत अन्तिमचरणमा पुगेको छ । कात्तिकको अन्तिमसम्ममा बैठकको बोलाउने छौँ', मुख्यमन्त्री बानियाँले भने ।

सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेशसभाको बैठक कात्तिकको २४/२५ गतेभित्रमा बस्ने गरी तयारी भइरहेको बताए । 'बैठक बसेको १५ दिनभित्रमा सभामुख चयन प्रक्रिया सम्पन्न गर्ने गरी बस्नेछौँ । त्यसका लागि सरकारले आन्तरिक तयारी गरिरहेको छ', उनले भने । नेपाली कांग्रेस संसदीय दलको यसअघिको बैठकले सभामुखमा दाबी गर्ने निर्णय गरि सकेको छ । उपसभामुख र प्रदेशप्रमुख नेकपा एमालेको भागमा रहेका कारण सभामुख दाबी कमजोर हुने बुझिएको छ । सदनको तेस्रो दल माओवादी केन्द्रले भने सहमतिमा सभामुख चयन गर्नुपर्ने बताउँदै आइरहेको छ ।

बागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले प्रदेशसभा बैठक तत्काल नबोलाए संघर्षमा उत्रिने चेतावनी दिएको छ । बागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकालले सत्ता गठबन्धनभित्रकै अविश्वास र आन्तरिक कलहका कारण प्रदेशसभा बैठक बस्न नसकेको आरोप लगाए ।

उनका अनुसार सरकार सभामुख र बजेट कार्यान्वयनजस्ता महत्वपूर्ण विषयमा अल्झिएकाले परिणामस्वरुप सदनलाई बन्धक बनाइएको हो । सत्ता गठबन्धन भित्रको यही विश्वासको संकटले गर्दा प्रदेशको कामकारबाही ठप्प भएको उनको दाबी छ ।

प्रदेशसभाको सभामुख पद माओवादी केन्द्रले पाउनुपर्ने ढकालको दाबी छ । सत्ता गठबन्धनले सभामुख पद प्रमुख प्रतिपक्षीलाई दिएर राजनीतिक सन्तुलन कायम गर्नुपर्ने उनले बताए । अहिलेको परिवर्तित सन्दर्भमा संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरुबीच एकता आवश्यक रहेकाले पनि सभामुख पद माओवादी केन्द्रले पाउनु पर्ने उनले बताए । 'सबैभन्दा ठुलो दल कांग्रेसको मुख्यमन्त्री छ । दोस्रो ठुलो दल एमालेको उपसभामुख छ । अब प्रमुख प्रतिपक्षी दललाई सभामुख दिँदा शक्तिसन्तुलन पनि हुन्छ,' उनले भने ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण प्रदेशसभाको हेटौंडा-१० स्थित टिसिएनमा रहेको पुरानो र नवनिर्मित सभाहल पूर्णरुपमा जलेर नष्ट भएका छन् । जसका कारण प्रदेशसभाको बैठक राख्न ढिलाइ भइरहेको छ ।

प्रदेश सरकारले हेटौंडा-२ स्थित हेटौंडा उपमहानगरपालिकाको कार्यालय पछाडि रहेको सभाहलमा बैठक राख्ने तयारी गरिरहेको छ । यो भवनसमेत जेनजी आन्दोलनको क्रममा आगजनी गरिएको थियो । हेटौंडा उपमहानगरपालिकासँगको सहमतिमा हाल यो भवन मर्मतकार्य अगाडि बढिरहेको छ । केही दिनभित्रमा हल बैठक बस्नका लागि उपयुक्त गरी पुनर्निर्माण गरिने बताइएको छ ।

संसद् बैठक सञ्चालनका लागि आवश्यक कुर्सी, साउन्ड सिस्टमदेखि प्रत्यक्ष प्रसारणका उपकरणसम्मका सामग्री तत्कालका लागि भाडामा लिएर भए पनि बैठक सञ्चालन गर्ने तयारी भइरहेको प्रदेशसभा सचिवालयले जनाएको छ ।

### गैरसरकारी संस्था महासंघको गुनासो :

# हामीमाथि नियोजित रुपमा भ्रम फैलाइयो




साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ गैरसरकारी संस्था महासंघले नेपालको परिवर्तित राजनीतिक परिवेशमा गैर सरकारी संस्था तथा नागरिक समाजमाथि नियोजितरुपमा हल्ला, भ्रम र आरोप फैलाइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका अध्यक्ष अर्जुन भट्टराई र महासचिव देवी खड्काले सोमबार विज्ञप्ति जारी गर्दै गैरसरकारी संस्था तथा नागरिक समाजमाथिको नियोजित अविश्वास र लाञ्छना लोकतन्त्र, संविधान र मानवअधिकारमाथिको आक्रमण भएको बताएका हुन् । 'गैरसरकारी संस्थाहरु राज्यका विपक्षी होइनन्, बरु राज्यका नीतिलाई कार्यान्वयनमा सहयोग गर्ने साझेदार हुन् । नागरिक समाजमाथिको अविश्वास र निराधार आरोप लोकतन्त्रका मूल्य, सिद्धान्त र मर्ममाथिको प्रहार हो भन्ने हाम्रो ठहर छ,' विज्ञप्तिमा भनिएको छ ।

अभिव्यक्ति र संगठन स्वतन्त्रता, नागरिक सहभागिता र उत्तरदायित्वमाथि नियन्त्रणको नाममा दबाब सिर्जना गर्ने प्रवृत्ति विगतदेखि नै देखिँदै आएको भन्दै महासंघले भनेको छ, 'तर, पछिल्ला दिनमा जेन्जी आन्दोलनपछि केही राजनीतिक वृत्त, संचारमाध्यमका अभिव्यक्ति र व्यक्तिगत टिप्पणीबाट नागरिक समाज र संस्थाको भूमिकामाथि गरिएको टिप्पणीले नेपालमा नागरिक आन्दोलनले पुऱ्याएको योगदानको अवमूल्यन भएको महसुस गरिएको छ ।' यस्ता प्रवृत्तिले संविधानले प्रत्याभूत गरेका राजनीतिक तथा नागरिकअधिकार कमजोर पार्ने, अविश्वास र संस्थागत संकट निम्त्याउने गम्भीर खतरा रहेको महासंघले औंल्याएको छ ।

गैरसरकारी संस्थाहरु लोकतन्त्र, संविधान, बहुलवाद, मानव अधिकार र सुशासनप्रति प्रतिबद्ध रहेको महासंघले जनाएको छ । महासंघ, सदस्य संस्थाहरु तथा साझेदार विकास निकाय सधैं लोकतान्त्रिक मूल्य, संवैधानिक अभ्यास, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, शान्ति र स्थायित्वका पक्षमा दृढ रहेको महासंघले जनाएको छ । 'जेनजी आन्दोलनका युवाले उठाएका माग न्यायोचित रहेको भन्दै मुलुकलाई भ्रष्ट्राचारमुक्त, उत्तरदायी बनाउन र सेवाप्रवाह प्रभावकारी बनाउन विद्युतीय शासनप्रणाली र चुस्त अनुगमन प्रणाली तत्काल लागु गर्न महासंघले सरकारसँग आग्रह गरेको छ ।

जेनजी आन्दोलनका क्रममा भएका हिंसात्मक घटना र सम्पत्ति क्षतिका घटनाप्रति घोर भर्सना गर्दै महासंघले यसमा संलग्नमाथि निष्पक्ष छानबीन गर्न महासंघले माग गरेको छ ।

यसका लागि गठन भएको आयोगलाई निष्पक्षरुपमा सत्यतथ्य सहित कुनै पूर्वाग्रह नराखी छानवीन गर्न र राष्ट्रिय मानव अधिकार आयोगलाई प्रभावकारी सहयोग गर्न महासंघले आग्रह गरेको छ । संसद् विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा, सबै पक्षले अदालतको निर्णयलाई सम्मान र कार्यान्वयन गर्नु नै लोकतान्त्रिक जिम्मेवारी भएको भन्दै महासंघले वर्तमान राजनीतिक जटिलतामाथि गम्भीर ध्यान दिँदै स्वच्छ, भयरहित र तोकिएको समयमा निर्वाचन सम्पन्न गर्न सरकार, परम्परागत र नयाँ राजनीतिक दलहरु, नागरिक समाज जेनजीबीच संवाद र सहकार्यको वातावरण निर्माण गर्न आह्वान गरेको छ ।

# पहिलो त्रैमासिकमा लक्ष्यको ७८ प्रतिशत राजश्व संकलन



साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा आन्तरिक राजश्व कार्यालय हेटौंडाले लक्ष्यभन्दा कम राजश्व संकलन गरेको छ ।

साउनदेखि असोज सम्मको त्रैमासिकमा कार्यालयले लक्ष्यको ७८ प्रतिशत राजश्व संकलन गरेको हो । कार्यालयको अनुसार १ अर्ब ९५ करोड ४९ लाख ४२ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकोमा १ अर्ब ५३ करोड १५ लाख २३ हजार ८० रुपैयाँ संकलन भएको हो । कार्यालयले पहिलो त्रैमासिक अवधिमा ३७ पटक बजार अनुगमन गरेको छ । अनुगमनबाट शुल्क तथा जरिवानाबापत ४२ हजार रुपैयाँ संकलन गरेको छ । व्यावसायिक स्थायी लेखा नम्बर दर्तातिर्फ कार्यालयले ८ सय १३ वटा नयाँ दर्ताको लक्ष्य राखेकोमा ५७ प्रतिशत अर्थात् ४ सय ६६ जनाले मात्र दर्ता गराएका छन् ।

यसैगरी, अन्त:शुल्क नवीकरणतर्फको लक्ष्यको ५५ प्रतिशत अर्थात् १ हजार १ सय १३ जनाले नवीकरण गराएका छन् । हालसम्मको तथ्यांकअनुसार ३४ हजार ६ सय ४० जनाले आयकर दर्ता गराएका छन् । मूल्य अभिवृद्धि कर दर्ता गराउनेको संख्या ६ हजार ६९ रहेको छ भने अन्त:शुल्क दर्ता गराउनेको संख्या १ हजार ५ सय ९९ रहेको छ । कुल व्यावसायिक स्थायी लेखा नम्बर दर्ता गराउनेको संख्या ८८ हजार ८ सय ५८ पुगेको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजित बजेटमध्ये चालुतर्फको २ करोड ६५ लाख ६४ हजार रुपैयाँमध्ये ४५ लाख ९० हजार ९ सय २९ रुपैयाँ खर्च भएको छ । त्यस्तै, पुँजीगततर्फ विनियोजित २ करोड १० लाख १२ हजार रुपैयाँमध्ये ४४ लाख ७९ हजार ३ सय ३० रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ ।

### ब्लड बैंकदेखि पिपलबोटसम्मको भित्री सडक बिस्तारकार्य सुरुहुने

# वडाअध्यक्ष न्यौपाने भन्छन्: 'स्थानीयले संरचना हटाए काम छिटो हुन्छ

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१ मा ब्लड बैंकदेखि मोडल अर्थोपेडिक अस्पताल हुँदै पिपलबोटसम्मको भित्री सडक बिस्तारकार्य सुरुहुने भएको छ ।



सडक बिस्तारको तयारी स्वरुप सोमबार यो क्षेत्रको नापजाँच सम्पन्न गरिएको छ । जनप्रतिनिधि, नगरप्रहरी, प्राविधिक टोली तथा स्थानीयवासीको उपस्थितिमा हेटौंडा उपमहानगरको प्राविधिक टिमले सडकको नापजाँच गरेको हो । गत आर्थिक वर्षको ४० लाख रुपैयाँ बाँकी रहेकाले यसवर्ष थप रकम विनियोजन गरेर काम अगाडि बढाइएको वडा अध्यक्ष सबिन न्यौपानेले जानकारी दिएका छन् । बजेट सुनिश्चित भई ठेक्का सम्झौता भइसकेकाले अब ढुक्कसँग काम अघि बढ्ने अध्यक्ष न्यौपानेको भनाइ रहेको छ ।

२०८१ चैत्र १३ गते मायांक कन्स्ट्रक्सन पुतलीसडकसँग २०८२ पुस मसान्तसम्म काम सक्नेगरी १ करोड १५ लाख रुपैयाँ लागतमा सम्झौता भएको वडाअध्यक्ष न्यौपानेले बताए । उनका अनुसार १० मिटर चौडाइको सडक निर्माण हुनेछ । 'यसमध्ये ६ मिटर भाग कालोपत्रे गरिनेछ भने दायाँ-बायाँ डेढ-डेढ मिटर चौडाइमा ढल तथा पेटी निर्माण गरिने योजना रहेको छ' उनले भने । सडक विस्तारका क्रममा केही निजी संरचना हटाउनुपर्ने देखिएको छ । स्थानीयले समयमै संरचना हटाइदिए सडक निर्माण छिटो गतिमा अघि बढ्ने अध्यक्ष न्यौपानेले बताए ।

वर्षायाम र चाडपर्वका कारण ढिलो सुरु भएको काम अब छ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यसअघि पनि पटकपटक नापजाँच र योजना बनाएर सडक बिस्तारको कुरा भएपनि कार्यान्वयन हुन नसक्दा स्थानीय निराश बनेका थिए । 'यहाँ धेरैचौटी नापजाच भइसक्यो तर, पनि सडक बन्न सकेको थिए, अब चाहिँ बन्छ कि भन्ने आश लागेको छ' स्थानीय अमृत पुडासैनीले भने । अर्का स्थानीय मायादेवी शाहीठकुरीको पनि त्यस्तै धारणा रहेको छ । 'यो सहित ७ पटक नापेर गइसक्यो, अब चाहिँ होला जस्तो छ' उनले भनिन् ।

सडक साँघुरो हुँदा साना सवारीसाधन समेत आवागमनमा कठिनाइ हुने गरेको यो क्षेत्रमा अब सडक विस्तार र स्तरोन्नति हुने भएपछि स्थानीयवासी उत्साहित भएका छन् । यो सडकमार्ग ब्लड बैंक, मोडल अर्थोपेडिक अस्पताल, हेटौंडा अस्पताल र सिटी अस्पताल, मकवानपुर सहकारी सम्म जोडिने भित्री मार्ग हो । साथै, यो बाटो तरकारी थोकबजारका लागि समेत अत्यावश्यक मानिन्छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कहिलेसम्म साँघुरिने हेटौंडा बजार

पूर्वपश्चिम राजमार्गको हेटौंडा-नारायणगढ सडक खण्डमा एसिएन हाईवेको मापदण्ड अनुसार विस्तारकार्य थाल्ने तयारी भइरहेको छ । नारायणगढको पुलचोकदेखि गोन्द्राङसम्म ६ लेन सडक बनेर उद्घाटन भइसकेको छ । अब भरतपुरको गोन्द्राङबाट हेटौंडासम्मको ७० किमि सडक ६ लेनको बन्ने सम्भावना छ । यो सडक खण्ड एसियाली विकास बैंक र वर्ल्ड बैंकले विस्तारको योजना बनाइसकेको छ । आगामी बजेटमा पहिलो वर्षको बजेट विनियोजन हुने सरोकारवालाको दाबी छ । नारायणगढ-हेटौंडा खण्ड अहिले २ लेनको छ । अब ठाउँ अनुसार ६ लेनसम्मको फराकिलो बनाइनेछ । बस्ती नभएका क्षेत्रमा ४ लेन हुनेछ, सहरीक्षेत्रमा ६ लेनको सडक बन्नेछ । चितवनको रत्ननगरदेखि भण्डारासम्म ६ लेन सडक बन्ने छ । त्यहाँदेखि मकवानपुरको बसामाडीसम्म ४ लेनको मात्र सडक हुनेछ । बसामाडीदेखि हेटौंडासम्म भने ६ लेनकै सडक बनाइनेछ । सडकको बीचमा मेडियम बन्ने छ । यस्तो मेडियममा रुखविरुवा रोप्न मिल्ने गरी ग्रिनरी बेल्ट बनाइनेछ । यसले राजमार्गलाई हरियाली बनाउने छ र प्रदुषण कम गर्न सहयोग पुऱ्याउने छ ।

मेडियम दुबैतर्फ ७-७ मिटरको २-२ लेन मुल सडक बनाइनेछ । राजमार्ग छेउका बस्तीमा दुबैतर्फ ३ दशमलव ५ मिटरको सर्भिस लेन पनि बनाइने छ । यो सडकखण्डमा २ किलोमिटरको भायोडक्ट बन्ने छ । भायोडक्ट भनेको जमिनमाथि ओभरहेड ब्रिज अर्थात् फ्लाइओभर हो । टिकौली जंगल भनेर चिनिने चितवन राष्ट्रिय निकुञ्जको बरभण्डारक्षेत्रमा यस्तो भायोडक्ट बनाइनेछ । वन्यजन्तुको वासस्थान र हिँड्ने बाटोमा असर नपर्ने गरी पुल बनाउन प्रस्ताव गरिएको एडीबी निर्देशनालयले बताएको छ । ११-११ मिटर फराकिलो समानान्तर दुईवटा पुल बन्नेछ । ति पुलमा ४ लेन हुनेछ । पुल बनेपछि तल वन्यजन्तु सहजरुपमा आवातजावात गर्न सक्छ भने माथि गाडी गुड्छन् । यो फ्लाईओभर बनाउन मात्रै करिब ५ अर्ब लाग्ने अनुमान गरिएको छ । यो सडक खण्ड विस्तारमा सबैभन्दा ठूलो चुनौती भने हेटौंडा बजारमा हुने देखिएको छ । राजमार्गको करिब दुई किलोमिटर खण्ड हेटौंडा बजारमा पर्छ । हेटौंडा बजारको सडकसीमाभित्रै २८५ वटा घर तथा अन्य भौतिक संरचना छन् । सडक विभागले पटक-पटक संरचना हटाउन सूचना जारी गरेको छ तर, घरधनीले मानेका छैनन् । बरु उनीहरुले बाइपास सडक बनाएर राजमार्गलाई रिरुट गर्न माग गरेका छन् । २०८० मा सर्वोच्च अदालतले घर भत्काएर सडक विस्तार गर्न मिल्ने फैसला गरिसकेको छ तर, मुआब्जा नपाएको दाबी गर्दै स्थानीयले घर भत्काउन सहमति दिएका छैनन् । स्थानीयको सहमति नभई घर भत्काउने हो भने बल प्रयोग गर्नुपर्ने हुन्छ । तर, एडीबीको सहायता भएका परियोजनामा स्थानीयविरुद्ध बल प्रयोग गर्न मिल्दैन । यो खण्ड विस्तारका लागि एडीबीले करिब ३४ अर्ब ऋण दिँदैछ । यो सहुलियत ब्याजदरको ऋण हुनेछ । त्यसैले सडक विभागका अधिकारीहरु हेटौंडा बजारमा के गर्ने ? भन्ने अलमलमा छन् ।

उनीहरुका अनुसार सडक विस्तारमा अवरोध भए बजारक्षेत्र बाहेकका खण्डमा विस्तार हुने सम्भावना पनि छ । यो खण्ड विस्तारको लागि विस्तृत योजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ तर, स्वीकृत हुन बाँकी छ । अहिले स्थानीयस्तरमा वातावरणीय तथा सामाजिक प्रभावबारे सार्वजनिक सुनुवाईको काम भइरहेको छ । सडक स्तरोन्नतिका क्रममा कुल ६ सय ८८ वटा निजी संरचना प्रत्यक्ष प्रभावित हुने देखिएको छ । आयोजनाको प्रभावक्षेत्रभित्र कुल एकसय ८० वटा सामुदायिक संरचना रहेका छन् । हेटौंडाको राप्तीदेखि कर्रा पुलसम्म २ सय ८५ घर, हेटौंडा बजारक्षेत्र बाहेकका दुई सय ५ घर र अन्य पालिकामा एक सय ९८ वटा घर प्रभावित हुने प्रतिवेदनमा उल्लेख छ । ४ लेनको सडक सुदृढीकरणसँगै साइड ड्रेन, सर्भिसलेन, फुटपाथ तथा यातायात सुरक्षाका अन्य संरचना निर्माण गरिनेछ । सडक विभागले तीन वर्षभित्र कार्यसम्पन्न गर्ने लक्ष्य राखेको छ । परियोजनाको कुल लागत करिब ६३ अर्ब ६८ करोड रुपैयाँ रहेको प्रतिबेदनमा उल्लेख छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १९ गते बुधबार ५ नोभेम्बर २०२५ । पूर्णिमा, कात्तिक शुक्लपक्ष। कछलाध्व ११४६ ने.सं. । सूर्योदय ६:१८ सूर्यास्त ५:१५ । गुरु नानक जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा नयाँ योजना बन्नेछ | **तुला** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **वृष** | : कठिनाई कम हुनेछ | **वृश्चिक** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **मिथुन** | : साथीभाइमा मनमुटाव हुनेछ | **धनु** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कर्कट** | : नयाँ काम समय देखिन्छ | **मकर** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| **सिंह** | : अधुरा काम सम्पन्न हुनेछ | **कुम्भ** | : सहयोग गर्ने भावना आउनेछ |
| **कन्या** | : सवारी साधनबाट क्षति हुन सक्नेछ | **मीन** | : यात्राको लागि सुखद देखिन्छ |

# श्रमशोषण र अपमानको विरोधमा नर्सिङ आन्दोलन



✍ दिनेश पोखरेल

सरकारसँगको वार्ता असफल भएसँगै अहिले देशभर नर्सिङ आन्दोलन जारी छ । आन्दोलनसँगै सबै निजी अस्पतालमा काम गर्ने कर्मचारी र नर्सिङ समूहको श्रमशोषण र अपमानको तलाउ विस्फोट भएर छताछुल्ल भएको छ । यो आन्दोलनले देशको बौद्धिक समूह, सरकार र सर्वसाधारणको ध्यान आकर्षित गर्दै नर्सिङका मागहरू जायज छन् र सम्बोधन नगरी सुखै छैन भन्ने ठाउँमा पुऱ्याएको छ । यो आन्दोलनले आम स्वास्थ्यकर्मी र अन्य क्षेत्रका श्रमिक कामदारलाई आफ्नो लागि आफैं लड्नुपर्छ भन्ने सन्देश दिएको छ ।

नेपालमा निजी अस्पतालको सुरुआत पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको सुरुआत २०४६ पछि भएको हो । यसअघि सरकारी अस्पतालले आफूसक्दो सेवा दिइरहेका थिए तर धेरै नेपालीले उपचार अभावमा ज्यान गुमाउन बाध्य थिए । निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा लगानी गरेपछि धेरै रोजगारी सिर्जना भए । तर अस्पताललाई आवश्यक पर्ने जनशक्ति पर्याप्त थिएन ।

निजी अस्पतालमा काम गर्ने कर्मचारीको तलब २०५० देखि २०६० सालको बीचमा सरकारी निजामती कर्मचारीहरूको भन्दा राम्रो थियो । निजी अस्पतालको सेवा-सुविधा र अत्याधुनिक उपचार पद्धतिको कारण आम जनताले निजी अस्पतालमा काम गर्ने र उपचार सेवा लिने प्रचलन बढ्दै गयो भने स्वास्थ्य जनशक्ति उत्पादन पनि उल्लेख्य वृद्धि हुन थाल्यो । फलस्वरुप अहिले करिब ४०० निजी स्वास्थ्य संस्था, ३५० भन्दा बढी स्वास्थ्य शिक्षाका संस्थाहरू सञ्चालित छन् भने करिब १ लाखले रोजगारी पाइरहेका छन् । स्वास्थ्य सेवाको करिब ७० प्रतिशत र स्वास्थ्य शिक्षाको करिब ७५ प्रतिशत जनशक्ति उत्पादनमा निजी क्षेत्रको योगदान रहेको देखिन्छ । एक समय मेडिकल कलेजले अधिकांश शिक्षकहरू भारतबाट ल्याउने गर्थे । त्यो समयमा खडेबाबा भनेर चिनिने यी खडेबाबा अहिले कतै छैनन् ।

तिनको ठाउँमा अहिले देशभित्रै उत्पादित नेपालीहरू नै काम गरिरहेका छन् भने उपचारमा निजी अस्पतालले सरकारी भन्दा अत्याधुनिक प्रविधि भित्र्याइरहेका छन् । यसरी सेवा दिइरहेका अस्पतालमा निजी क्षेत्रले ठूलो लगानी गरेका छन् ।

निजी अस्पताल स्थापनाको सुरुआतमा यो क्षेत्रमा देशका ख्यातिप्राप्त चिकित्सकहरूले लगानी गरी अस्पताल खोल्ने चलन थियो । ओम अस्पताल, नेपाल मेडिकल कलेज, काठमाडौं मेडिकल कलेज, हिमाल अस्पताल, न्युरो बाँसबारी, न्युरो माइतीघर, विराट मेडिकल कलेज, बी एन्ड बी, नेपालगञ्ज मेडिकल कलेज लगायत अधिकांश मेडिकल कलेज र अस्पतालहरू स्वास्थ्य क्षेत्रका विज्ञ प्राविधिकबाट केही हदसम्म पैसा, पद, सेवा भावनाले खोलिएका थिए ।

त्यो समय यी अस्पतालले ठूलो संख्यामा नर्सिङ लगायत स्वास्थ्यकर्मीलाई राम्रो सेवा सुविधा दिएर रोजगारी दिएका थिए । सजिलै रोजगारी र सम्मानजनक तलव सुविधा पाइने भएकोले धेरै नेपालीले आफ्ना सन्तानलाई नर्सिङ एवं अन्य स्वास्थ्य प्राविधिक शिक्षा दिन थाले । त्यसको फलस्वरुप आज १ लाख १५ हजारभन्दा बढी नर्स उत्पादन भई देश भित्र र देश बाहिर काम गरिरहेका छन् ।

पछिल्लो समय अस्पताल सञ्चालकहरू कसैले उमेरसँगै आफ्ना सन्तानलाई अस्पताल हस्तान्तरण गरे भने कोहीले आफ्नो अस्पताल बेचेर यो क्षेत्रबाट पलायन भए । जो यो क्षेत्रमा प्रवेश गरे एकथरी दुःख नगरी बाबुको अंशबाट सित्तैंमा ठूलो सम्पत्तिको मालिक भए भने नयाँ किनेर आउनेहरू विशुद्ध व्यापारी पृष्ठभूमिका भएकाले उनीहरूको उद्देश्य केवल नाफा कमाउने मात्र हुनगयो ।

उनीहरूले सेवाभाव भन्दा कसरी धेरैभन्दा धेरै नाफा कमाउन सकिन्छ भन्नेतिर ध्यान जाँदा आफ्नो स्वास्थ्य संस्थामा काम गर्ने नर्सिङ (कुल कर्मचारीको ७५ प्रतिशत) लगायतका कर्मचारीलाई अत्यन्त न्यून पारिश्रमिकमा काममा लगाउन थाले । यतिसम्म कि पुराना कर्मचारीको तलब सुविधा धेरै हुने भएकोले उनीहरूलाई निकालेर नयाँलाई भर्ना गर्ने र उनीहरूलाई नै करारमा राख्ने गर्न थाले ।

यसैगरी अस्पतालका विभागहरू जस्तै ल्याब, एक्सरे, सिटी स्क्यान, फार्मेसी, बिलिङ काउन्टर, डायलासिस आदि विभागहरू ठेक्कामा लगाई आफू आनन्दले पैसा मात्र बुझेर बस्न थाले । ती विभागमा काम गर्ने कर्मचारीलाई विभाग बेचेको भनेर जागिर छोड्न बाध्य बनाए र धेरै स्वास्थ्यकर्मीलाई सडकमा पुऱ्याएको देखिन्छ । राजधानीको एउटा मेडिकल कलेज त वार्षिक २८ करोडमा पूरै मेडिकल कलेज नै ठेक्कामा लगाएको छ । यी कानून विपरीतका काम गर्नेहरूलाई सरकारले नदेखेर हो कि नचाहेर हो ? कुनै कारबाही गरेको देखिँदैन ।

स्वास्थ्य क्षेत्रका विकृतिलाई बाहिर ल्याई संगठित रूपमा प्रतिरोध गर्ने ट्रेड-युनियनहरूलाई गठन गर्नै नदिने र गठन भइहाले तिनीहरूलाई निष्क्रिय गराउन विभिन्न हतकण्डा अपनाउन थाले । देशको चरम बेरोजगारीको कारण यी सबै श्रमशोषण र अपमानजनक व्यवहारलाई टुलुटुलु हेरेर बस्न बाध्य नर्सिङ समूह अति भएपछि अहिले यो श्रमशोषणको विरोधमा शान्तिपूर्ण रूपमा अस्पताल कम्पाउण्डभित्र विरोधमा उत्रिएका छन् ।

सरकारले यो समस्यालाई समयमै सम्बोधन नगरेमा यो विरोध सडकमा आएर विस्फोट हुन धेरै समय लाग्ने छैन । सुरुमा असंगठित रूपमा सुरु भएको नर्सिङ आन्दोलन अहिले नेपाल नर्सिङ संघको अगुवाइमा अघि बढिरहेको छ । यो आन्दोलनलाई वार्ता र संवादद्वारा छिटोभन्दा छिटो समाधान गर्नुभन्दा अर्को विकल्प देखिंदैन । जेनजी आन्दोलनको व्यापकताले स्वास्थ्य क्षेत्रमा कार्यरत युवा स्वास्थ्यकर्मीहरूमा 'अब त बोल्नुपर्छ' भन्ने मनोभाव बढेको समयमा सरकारले सरोकारवाला सञ्चालक र कामदार नर्सिङ प्रतिनिधिहरूसँग सार्थक संवाद गरी निकास खोज्नु श्रेयस्कर देखिन्छ । अतः समस्या समाधानका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ-

श्रम ऐनको पूर्ण कार्यान्वयन : तत्काल निजी स्वास्थ्य संस्थाहरूमा न्यूनतम पारिश्रमिक, ओभर टाइम र सामाजिक सुरक्षाकोषमा दर्ता अनिवार्य गर्ने, अनुगमनको अधिकार दण्ड र सजाय व्यवस्था सहितको विशेष अनुगमन टोलीको गठन गर्ने ।

निर्णय कार्यान्वयन : सरकारले २०८१ मंसिर २७ मा गरेको निर्णय कार्यान्वयन गर्न तत्कालै सबै निजी स्वास्थ्य संस्थाहरूलाई समयसीमा तोकी निर्देशन जारी गर्ने र पालना नगर्नेलाई कारबाही गर्ने प्रक्रिया थालनी गर्ने ।

युवा मैत्री कार्य वातावरण : जेनजी स्वास्थ्यकर्मीहरूको मनोवैज्ञानिक स्वास्थ्यलाई ध्यानमा राखी मानसिक स्वास्थ्य परामर्शको सुविधा उपलब्ध गराउने र कार्यस्थलमा हुने दुर्व्यवहार (Harassment) विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने ।

राजनैतिक लगानीको नियमन : अहिलेका स्वास्थ्य संस्थाहरूमा राजनैतिक पहुँचवालाहरूको ठूलो लगानी छ यही कारण यसको अनुगमन र नियमन फितलो हुने गरेको छ । स्वास्थ्य सेवा ऐनमा स्वार्थको द्वन्द्व सम्बन्धी कडा प्रावधानहरू समावेश गरी तत्काल संशोधन प्रक्रिया अघि बढाउने । अस्पतालका लगानीकर्ताहरूसँग सार्थक वार्ता गरेर सकेसम्म दुवै पक्षको हित हुने गरी सहमति कायम गर्ने ।

स्थायी संयन्त्र : स्वास्थ्य क्षेत्रका श्रमिकहरूको गुनासो सुन्न र समाधान गर्न स्वास्थ्य मन्त्रालय अन्तर्गत श्रमिक पेशाकर्मी, युवा लगायत सरोकारवाला सम्मिलित एक स्थायी र शक्तिशाली संयन्त्रको निर्माण गर्ने ।

*(साभार: अनलाइनखबर)*

# नेपालको बाह्य व्यापारको तथ्यांकीय विश्लेषण

**यसरी देशको आन्तरिक उत्पादन कम हुँदै जाने र आयातमा मात्र आधारित हुँदै गयो भने देश कुनै पनि बेला उठ्नै नसकने गरी आर्थिक संकटमा फस्न सक्छ । यस्तो स्थितिले मूल्यवृद्धि रोक्न आन्तरिक नीतिले सक्षम हुँदैन भने अर्कोतर्फ उत्पादकत्व वृद्धि नभएसम्म देशमा रोजगारीको अवस्थामा सुधार आउँदैन ।**



✍ डा.सुमनकुमार रेग्मी

देशको अर्थतन्त्र र व्यापारको सन्तुलनका लागि देशको आयात र निर्यातको अवस्था सन्तुलन रहनु पर्ने सैद्धान्तिक मान्यता छ । आयातभन्दा निर्यात बढी भएमा देशको अर्थतन्त्र बलियो मानिन्छ । निर्यात कम भएमा देशको आन्तरिक बजार सशक्त नभएको चित्रित गरिँदै आएको देखिन्छ । नेपालमा वार्षिक कृषि -औद्योगिक, आन्तरिक उत्पादन-आपूर्तिसहित बाह्य बजार विस्तारको अवस्था चाहिने जति राम्रो भएर गएको देखिँदैन ।

आ.व. २०८१-८२ को १२ महिनामा नेपालको आयात १८ खर्ब बढी भएको छ । तर निर्यात भने २ खर्ब ७७ अर्ब नापिएको छ । २०८०-८१मा २ खर्ब ५२ अर्बको निकासी भई यसले रेकर्ड कायम गरेको थियो । २०८१-८२ मा १२ महिनाको व्यापार घाटा रहेको देखिन्छ । २०८०-८१ वर्षको आधारमा ६ प्रतिशत बढेको छ ।

आर्थिक वर्ष २०८२-८३ को नेपालको वैदेशिक व्यापारको ३ महिनामा व्यापार घाटा करिब ४ खर्ब, आयात ४ खर्ब बढी र वैदेशिक व्यापार ५ खर्ब बढिरहेको छ । यस्तै अवस्था भएमा आ.व. २०८२-८३ को १२ महिनामा निकासी सामान्य बढेमा व्यापार घाटा २२ अर्ब रुपियाँ बढीको अनुमान गर्न सकिन्छ । त्यसैले सरकारले आयात व्यापारमा निरुत्साहन नीतिलाई प्राथमिकता साथै कार्यान्वयनमा लैजान नसक्दा व्यापार घाटा बढेको हो । सरकारले व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना २०७९/८० तयार गरे पनि त्यसलाई कार्यान्वयन गर्न सकेको छैन । कार्ययोजनाको उद्देश्य नेपाल सरकारका विभिन्न निकायको एकीकृत तथा समन्वयात्मक प्रयासद्वारा बढ्दै गएको व्यापार घाटालाई आ.व. २०७०-७१ मा ६ खर्ब १९ अर्ब रुपियाँको व्यापार घाटा भएको थियो । २०८१-८२ मा १५ रुपियाँ खर्ब बढीको व्यापार घाटा भई देशको आयातमा उपभोग्य केन्द्रित व्यापार बढेको देखिन्छ ।

कृषि प्रधान देश भए पनि कृषि उत्पादन आयातमा अर्बौं रुपियाँ विदेशिएको छ । यस्तो अवस्थामा नेपालमा आयात भएका विदेशी उपभोग्य वस्तुका आयात तत्काल घटाउने अवस्था देखिँदैन । आयात प्रतिस्थापन गर्न विदेशबाट आयात भएका वस्तुका गुणस्तर जस्तै नेपालमा त्यस्तै उपभोग्य वस्तुका उत्पादन बढाउन आवश्यक देखिन्छ । आ.व २०७२-७३ त्यसपछि पनि २०८१/८२ पुग्दा आयात बढ्दै गएका वस्तुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टिल, सवारी साधन, इलोक्ट्रोनिक्स र तिनका पार्टपुर्जा, प्लास्टिक तथा प्लास्टिकजन्य सामग्री, अन्नबाली, तरकारी फलफूल मुख्य थिए ।

नेपालमा उत्पादन हुने सामग्रीका उत्पादन बढाउन नसकेर हरेक वर्ष नेपालको व्यापार घाटा बढ्दै गएको छ । कृषिमा प्रभावकारी काम गर्न सके व्यापार घाटा घटाउन सकिन्छ कि ? तर २०७२ वैशाख १२ र त्यसपछिका भूकम्पले २०७१-७२ र २०७२-७३ मा कृषि खेती र उत्पादनमा असर गऱ्यो । फलस्वरूप आ.व.२०७२-७३ को आर्थिक वृद्धि ०.७७ प्रतिशत रहन गयो ।

सन् २०१९ देखि २०२३ सम्म कोभिड २०१९ बाट नेपालसहित विश्वका देशमा अर्थतन्त्रलगायत अरू क्षेत्रमा असर पर्न गयो । २०७९/०८० को चैत्रसम्मको व्यापार घाटा करिब ११ खर्ब रुपियाँ रहेको छ । सोही अवधिमा आयात भने १२ खर्ब १ अर्ब ५० करोडको रहेको र निकासी १ खर्ब १८ अर्ब २८ करोडको रहेको छ । यस अवधिमा आयात अघिल्लो नौं महिनाको तुलनामा १८ प्रतिशतले घटेको र निकासी २६ प्रतिशतले घटेको देखिएको छ । निकासीको पहिलो नम्बरमा भटमासको तेल र दोस्रो नम्बरमा पाम तेल रहेको थियो । अलैंचीको निकासी स्थान तेस्रोमा रहेको छ । २०७५ सालपछि निकासी वस्तुमा परिवर्तन देखापरको छ । नव निकासी वस्तुमा भटमासको तेल, सन्फलावर तेल, पाम आयल, अलैंची, धागो, फलामका वस्तुहरू, आर्थिक वर्ष २०७८/७९ मा नेपालमा १६४ देशबाट १९ खर्ब २१ अर्ब रुपियाँभन्दा बढीको सामान आयात भएको छ । भारतबाट २०७८/७९ मा नेपालले १२ खर्ब १५ करोड २७ लाख रुपियाँभन्दा बढीको सामान आयात गरेको थियो । १२ खर्बभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाख रुपियाँ बराबरका सामान निर्यात भएको थियो । नेपालले भारतसँग मात्र २०७८/७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाख रुपियाँभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो । २०८१/८२ मा नेपालको निकासी २ खर्ब ७७ अर्ब रुपियाँ पुगेको छ ।

भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । २०७८-०७९ मा चीनबाट २ खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख रुपियाँ बराबरको आयात भएकोमा ८० करोड ८७ लाख ५४ हजार रुपियाँ बराबरको मात्र सामान निर्यात हुँदा चीनसँग २ खर्ब ७३ अर्ब ९७ करोड ४९ लाख रुपियाँ बराबरको व्यापार घाटा भएको थियो । २०८२-०८३ को अगाडिका महिनामा चीनतर्फ निर्यात ५८.५ प्रतिशतले कमी आएको छ । आयात १६.२ प्रतिशतले बढेर ३०५ अर्ब पुगेको छ ।

नेपाल र तिब्बत चीनसँग बेलाबेलामा द्विपक्षीय व्यापार अवरुद्ध भई आएको छ । केरुङ र तातोपानी व्यापार अवरुद्ध भएको बेला मुस्ताङ नाका प्रयोग भई आएको देखिन्छ । आयातको तुलनामा न्युन मात्रामा निर्यात हुँदा नेपालको व्यापार घाटा वृद्धि भएको थियो । २०७७-०७८को तुलनामा २०७८-०७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको देखिन्छ । २०७७-०७८ को तुलनामा २०७८-०७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको थियो ।

कृषिजन्य उत्पादन गर्न सके आयात व्यवस्थापन र निर्यातको बढोत्तरीको संभावना र तत्पश्चात् व्यापार घाटा घट्ने परिकल्पना गरिएको थियो । तर कृषि क्षेत्र व्यावसायिकताको रूपमा लगानी र उत्पादनको अवस्था कमजोर देखिन्छ । यसले गर्दा पनि कृषिजन्य उत्पादनको आयात बढेको-बढ्यै छ । स्वदेशी उत्पादन जस्तै अलैंची, चिया-कफी, गलैंचा, पश्मिना आदिका ब्रान्डिङ गरी बाह्य बजारमा निर्यात-बिक्री वितरण गर्न सकिएको देखिदैन । बाह्य बजारमा राम्रो माग भएको कफी, चिया आदिको उत्पादन बढाउने भूमिका भएको निकायको विशेष ध्यानआकर्षण हुनुपर्दछ । अलैंची-अदुवा जस्ता वस्तुहरूको निर्यात संभावना भएका वस्तुमा पनि उत्पादन र निकासी ह्वातै बढ्न सकेको छैन ।

विगत केही वर्षका तथ्यांकअनुसार देशको आयात-निर्यातको अन्तर- वर्षैपिच्छे बढ्दै गएको छ । पछिल्ला वर्षमा आयातभन्दा निर्यात झन्डै नौं गुणा भएको देखिन्छ । वार्षिक ८ सय अर्ब रुपियाँभन्दा बढीको आयात-निर्यातको व्यापार गर्ने देशले २०७२-७३ मा कति हुने हो । निर्यात बढाउन सकिएको देखिँदैन । तर पन्धौं योजनाको अन्तदेखि नेपालको निकासी बढ्दै गएको छ ।

आर्थिक वर्ष २०७१-७२ मा ६ खर्ब ९४ अर्ब रुपियाँभन्दा बढीका सामान देशमा आयात भए । यस वर्ष व्यापार घाटा ६ खर्ब १६ अर्ब रुपियाँ भएको थियो ।

कृषिको प्रमुख उत्पादनका वस्तुमा खाद्यान्न, तरकारी नै आयात दर उच्च हुँदै अर्थात् खाद्यान्नसहित कृषि वस्तुका मात्र वार्षिक ७३ अर्ब रुपियाँ भएको देखिन्छ । कृषिको मुख्य पेसा भएको देशमा वर्षको करिब ४५ अर्बको चामल मात्र आयात हुने गरेको देखिन्छ । यसबाट के देखापर्छ कि मानिसको कृषिमा संलग्नता हुने चाख कम हुँदै गएको हो कि ? देशमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न नसक्दा व्यापार घाटा बढ्दै गएको छ । पहिले देखिनै बृहत् उत्पादन नभएकाले निर्यात बढ्न सकेन ।

आयातमध्ये पेट्रोलियम पदार्थको आयातले गर्दा नै धान्न नसक्ने गरी व्यापार घाटा बढ्दै गएको छ । आयातित इन्धनमध्ये मुख्यतया सवारी साधन र लोडसेडिङका बेला बिजुली उत्पादनमा खर्च भइरहेको देखिन्छ । ऊर्जाको अभाव, कृषि व्यवसाय परम्परागत रूपमा सञ्चालन हुनु र उच्च विप्रेषणलगायतका कारणले देशको व्यापार घाटा चुलिँदै गएको भनिन्छ । निकासीउन्मुख वस्तुका गुणस्तरीय उत्पादन ह्वात बढ्न नसक्नु नै व्यापार घाटाको कारण बन्न गएको देखिन्छ । पेट्रोलियम पदार्थपछि सबभन्दा बढी कृषिजन्य उत्पादन आयात गर्न विदेशी मुद्रा खर्च भएको छ । तुलनात्मक रूपमा नेपालभन्दा भारतमा कृषि उत्पादन सस्तो भएका कारण वर्षेनी नेपालमा यस्ता वस्तुका आयात बढ्दैछन् । भारत सरकारले कृषि उत्पादन बढाउन मल, पानी, बीउ, कृषि औजारमा सहुलियत दिएको देखिन्छ । तर नेपालमा मलमा मात्र सहुलियत दिइएको छ । त्यसैले नेपालको उत्पादनभन्दा भारतको उत्पादन नेपालमा आयात गर्न सस्तो पर्दछ ।

विगत केही वर्षदेखि नेपालमा कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभावले कृषि उत्पादन बढाउन पनि समस्या पर्न गएको छ । जनशक्ति नहुँदा दुई बाली लगाउने ठाउँमा एक बाली मात्र लगाउने गरिएको छ । त्यसर्थ नेपालमा कृषि उत्पादन बढाउन कृषीकरण हुनुपर्ने, कृषकलाई प्रोत्साहन हुनुपर्ने र तुलनात्मक लाभका वस्तु विकास गर्नु पर्ने बताइन्छ ।

केही वर्ष यताका आर्थिक वर्षमा निर्यात भएका प्रमुख वस्तुहरूमा पाम आयल, भटमासको तेल, अलैंची, फलाम तथा स्टिलका वस्तु, गलैंचा, तयारी पोशाक, कफी तथा चिया मुख्य छन् । खाद्यान्न नेपालको निर्यातभन्दा आयात कैयौं गुणा बढी छ । नेपालमा उत्पादित माछा-मासुको निर्यात विदेशी आयातभन्दा बढी देखिन्छ । त्यस्तै देशबाट फलफूल नगन्य मात्रामा निकासी भएको देखिन्छ । तर फलफूल निकासी बढ्दैछ ।

नेपालबाट निर्यात हुने मुख्य उत्पादनमा रहेको कृषिजन्य वस्तुको उत्पादन- निर्यातमा निरन्तर गिरावट वा ह्वातै बढ्न नसक्नु र औद्योगिक उत्पादनमा सुधार नआउनुले देशको मुख्य पेसा कृषि नै संकटमा रहेको अवस्थामा २०७२ को वैशाखको भूकम्पले कृषिको अवस्था आ.व. २०७२/०७३ मा आर्थिक वृद्धिमा असर गरी वृद्धिदर ०.७७ प्रतिशत मात्र रहन गयो । स्थिति सोचनीय देखिन्छ । देश विदेशी अर्थतन्त्रको भरमा हुँदै गएको देखिन्छ । यसरी देशको आन्तरिक उत्पादन कम हुँदै जाने र आयातमा मात्र आधारित हुँदै गयो भने देश कुनै पनि बेला उठ्नै नसकने गरी आर्थिक संकटमा फस्न सक्छ । यस्तो स्थितिले मूल्यवृद्धि रोक्न आन्तरिक नीतिले सक्षम हुँदैन भने अर्कोतर्फ उत्पादकत्व वृद्धि नभएसम्म देशमा रोजगारीको अवस्थामा सुधार आउँदैन ।

नेपालमा छिमेकी देशमा निर्यातमा केही सहुलियतको व्यवस्था पनि गरिँदै आएको छ । तर नेपालबाट सहुलियत दिएकै वस्तुको उत्पादन तथा निकासी बढ्न सकिरहेको छैन । व्यवस्थित तरिकाले कतिपय वस्तुहरूमा अनुदान बढाउन सकियो भने नेपालमा आयात प्रतिस्थापन गर्न सकिन्छ । तर भनिन्छ यसलाई चाहिनेजति व्यवस्थित गर्न सकिएको देखिँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# कर्जा माग नबढ्दा निक्षेप निरुत्साहित गर्दै बैंक, विकृति बढ्ने जोखिम




काठमाडौं/बैंक तथा वित्तीय संस्थाले अधिक निक्षेप भएपछि मुद्दती निक्षेपकर्तालाई निरुत्साहित गर्न थालेका छन् । कर्जा माग ठप्प भएको अवस्थामा समेत निक्षेपमा आएको सुधार व्यवस्थापन गर्न जटिलता देखिएपछि बैंकहरूले मुद्दती निक्षेप निरुत्साहित गर्न थालेका हुन् ।

कोरोना महामारी, आर्थिक मन्दी तथा जेनजी आन्दोलनले त्रसित निजी क्षेत्रले लगानी विस्तार गर्न नसक्दा बैंकिङ क्षेत्रको कर्जा लगानी ठप्प जस्तै छ । तर, रेमिट्यान्स आप्रवाहमा निरन्तर सुधार आएसँगै निर्यात पनि बढ्दा वित्तीय क्षेत्रमा निक्षेप लगातार बढेको हो । वित्तीय क्षेत्रमा निक्षेप थपिँदा ब्याजदर घटेर न्यून बिन्दुमा आएको अवस्था छ भने कुल निक्षेप समेत हालसम्मकै उच्च कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ७५ खर्ब १४ अर्ब रुपैयाँसम्म पुगेको छ । यो निक्षेप कुल गार्हस्थ उत्पादन (जीडीपी) भन्दा १५ खर्ब धेरै हो । हाल मुलुकको जीडीपी ६१ खर्ब ७ अर्ब बराबर रहेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ ।

वित्तीय प्रणालीमा अधिक निक्षेप भएसँगै केन्द्रीय बैंकले अल्पकालीन ब्याजदरको अस्वभाविक उतारचढाव नियन्त्रणका लागि ब्याजदर करिडोर र तरलता व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन वित्तीय औजार प्रयोग गर्दै आएको छ ।

केन्द्रीय बैंकले अधिक निक्षेपका कारण ब्याजदर थप नघटोस् भनेर करिडोरको तल्लो सीमा २.७५ प्रतिशत कायम गरेको छ । बैंकहरूले बचतकर्तालाई दिएको ब्याजदर केन्द्रीय बैंकको निक्षेप संकलन तथा स्थायी निक्षेप सुविधा मार्फत लिँदै आएका छन् । पछिल्लो समय वित्तीय प्रणालीको अधिक तरलता व्यवस्थापन गर्न राष्ट्र बैंकलाई गाह्रो पर्न थालेको एक बैंकरले बताए ।

'अलि धेरै बिदाको समयमा केन्द्रीय बैंकले स्थायी निक्षेप सुविधा दिँदैन,' ती बैंकरले भने, 'स्थायी निक्षेप सुविधा नपाउँदा प्रणालीमा अधिक तरलताको समस्या भइहाल्छ ।' केन्द्रीय बैंकले अर्बौं खर्च गरेर ब्याजदर र तरलता व्यवस्थापन गर्नुपरेको उनले बताए । 'केन्द्रीय बैंकले खर्च गरेर तरलता व्यवस्थापन गर्न छाड्ने बित्तिकै बैंकिङ क्षेत्रमा विकृति देखिन थाल्छ,' उनले भने ।

निक्षेपको ब्याजदर शून्यमा आउने अवस्था सिर्जना भए कर्जाको ब्याजदर एक-दुई प्रतिशतमै सीमित हुने भएकाले बैंकिङ क्षेत्रमा विकृति बढ्ने ती बैंकरको भनाइ छ ।

'एक-दुई प्रतिशतमै कर्जा दिनुपर्ने अवस्था आयो भने बैंकिङ क्षेत्रमा भयावह स्थिति आउँछ,' उनले भने, 'अहिले बढेको निक्षेप व्यवस्थापन र परिचालनका सन्दर्भमा समयमै सम्बन्धित निकायले योजनाबद्ध काम गर्न जरुरी छ ।' बैंक तथा वित्तीय संस्थामा निक्षेप बढ्नु सकारात्मक भए पनि परिचालन नगरी थुप्रियो भने विकृति आउने ती बैंकरको भनाइ छ । 'बैंकहरूले मुद्दतीमा निक्षेप लिनै छाडिसके,' उनले भने, 'मलाई कति रिक्वेस्ट आउँछ, निक्षेप लिइदिनुस् भन्दै, अहिले १ अर्ब भन्यो भने दुई, तीन करोड मात्रै राख्छु, त्यो पनि फेबर गरेजस्तो हिसाबले लिनुपरेको छ ।'

उनका अनुसार अहिलेको अवस्थामा निक्षेप लिएर के गर्ने भन्ने अवस्था छ । लगानी गर्ने ठाउँ नभएपछि निक्षेप लिएर खर्चमात्र बढ्छ । अहिले वित्तीय प्रणालीमा भएको अधिक तरलतालाई केन्द्रीय बैंकको स्थायी निक्षेप सुविधाले कहिलेसम्म धान्न सक्छ भन्ने कुरा उठ्न थालेको उनको भनाइ छ । 'राष्ट्र बैंकले अहिले नै गाह्रो भयो, गाह्रो भयो भन्न थालेको अवस्था छ, अलिकति लामो बिदा भयो कि लिन छाड्छ,' उनले भने ।

अहिलेको अवस्था कायमै रहे सस्तो ब्याजदरमा कर्जा उपलब्ध हुँदा बैंकिङ क्षेत्रको स्रोतको दुरुपयोग हुने सम्भावना बढ्ने उनको बुझाइ छ । बैंकिङ प्रणालीमा निक्षेप थपिने क्रम कायमै रहे पनि ब्याजदर ऋणात्मक नहुनेमा उनी ढुक्क छन् । 'हाम्रो इकोनोमी (अर्थतन्त्र) मा ब्याजदर नेगेटिभ हुँदैन,' उनले भने, 'किन हुँदैन भन्दा, हाम्रो अर्थतन्त्रको अवस्थाले गर्दा ब्याजदर ऋणात्मक हुँदैन ।' तर, निक्षेप बढी राख्ने र कर्जाको मागमा सुधार नआउने हो भने पूँजी पलायनको जोखिम उच्च हुने उनको बुझाइ छ ।

वित्तीय प्रणालीमा यसरी निक्षेप थुप्रिनुलाइ सकारात्मक भन्न नमिल्ने अर्का एक बैंकरले बताए । उनका अनुसार निक्षेप बढीरहेको छ, त्यसको परिचालन हुन सकेको छैन, नयाँ उद्योग स्थापना हुने वा भएकाले क्षमता विस्तार गर्नेभन्दा पनि घटाएको अवस्था छ ।

वित्तीय प्रणालीमा जति नै निक्षेप बढे पनि ऋणात्मक ब्याजदरको जोखिम नरहेको उनको भनाइ छ । 'निक्षेप राख्न आएका ग्राहक्लाइ फर्काउन भएन, डिस्करेज गरेका छौं,' उनले भने ।

अहिलेको अवस्थामा कर्जा लिएर उद्यम-व्यवसाय गर्ने अवस्था पनि नभएकाले कर्जा माग नबढेको उनको बुझाइ छ । 'नेपालमा लगानी गर्ने लगानीकर्ता नै जोखिममा परेको देखियो,' उनले भने, 'पछिल्ला दिनमा नेपाली लगानी विदेशतर्फ गएको छ, लगानी गरेकै आधारमा पाइने सुविधा समेत भएकाले सुरक्षित देशमा नेपालीले पैसा लैजान थालेका छन् ।'

नेपाल राष्ट्र बैंकका अनुसार ११ कात्तिकमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ७४ खर्ब ७५ अर्ब छ । यस अवधिको कुल कर्जा लगानी ५६ खर्ब ३५ अर्ब मात्रै छ । गत असोज अन्तिममा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ७५ खर्ब १४ अर्ब पुगेको थियो । निक्षेप थपिने तर कर्जा माग नआउने भएपछि बैंक तथा वित्ती संस्थाको औसत कर्जा निक्षेप अनुपात पनि ७४.५३ प्रतिशतमा झरेको छ । बैंकहरूले यस्तो अनुपात ९० प्रतिसम्म कायम गर्न पाउँछन् ।

कर्जाको माग नभएपछि बैंक तथा वित्तीय संस्थामा आएको सर्वसाधारणको निक्षेप स्थायी निक्षेप सुविधा र निक्षेप संकलन उपकरण मार्फत केन्द्रीय बैंकमा थुप्रिएको छ । आइतबारसम्म बैंक तथा वित्तीय संस्थाको ७ खर्ब ८० अर्ब रुपैयाँ केन्द्रीय बैंकमा छ । यो अवधिमा निक्षेपको औसत ब्याजदर ३.९६ प्रतिशत छ भने कर्जाको औसत ब्याजदर ७.६६ प्रतिशत छ । त्यसैगरी हाल बैंक तथा वित्तीय संस्थासँग करिब ११ खर्ब रुपैयाँ कर्जा लगानीयोग्य रकम समेत 'आइडियल' छ ।

*(स्रोत: अनलाइनखबर)*

# भुटनदेवी माविका प्रअ दाहालको बिदाई, घिमिरेको स्वागत




साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) का प्रधानाध्यापक माधवप्रसाद दाहाल उमेरहदका कारण सेवाबाट अवकाश प्राप्त भएका छन् ।

विद्यालयले समारोहबीच उनको बिदाइ गरेको हो । गत शनिबारदेखि ६० वर्षे उमेर सीमा पूरा भएपछि अनिवार्य अवकाशमा पुगेका दाहाललाई विद्यालय परिवारले सम्मानपूर्वक बिदाइ गरेको हो । दाहालको अवकाशपछि विद्यालयका सहायक प्रधानाध्यापक सूर्यप्रसाद घिमिरेलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी तोकिएको छ । सो अवसरमा नवनियुक्त निमित्त प्रधानाध्यापक घिमिरेको स्वागत पनि गरिएको थियो ।

वि.स.२०४८ जेठ ५ गते दाहालले गणित विषय शिक्षककारुपमा भुटनदेवी माविमा सेवा प्रवेश गरेका थिए । उनले करिब ३५ वर्षसम्म विद्यालयमा अध्यापन तथा व्यवस्थापकीय जिम्मेवारी सम्हाले । २०६३ सालमा स्थायी नियुक्ति प्राप्त गरेका दाहाल २०६७ साल कात्तिक ७ गतेदेखि विद्यालयका प्रधानाध्यापक बनेका थिए ।

हाल विद्यालयमा करिब २४ सय विद्यार्थी अध्ययनरत छन्, जसमा साधारण र प्राविधिक दुवैधारका विद्यार्थी समावेश छन् । बिदाइ कार्यक्रममा दाहालले भने, 'विद्यालय मेरो मुटु हो, यसप्रति माया राख्नुहोस् र यसको शैक्षिक विकासमा निरन्तर योगदान दिनुहोस् ।'

उनले विद्यार्थी संख्या वृद्धि भएकाले गुणस्तरीय शिक्षामा अझ ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । साथै, अवकाशपछि पनि आफू शिक्षाक्षेत्र र सामाजिक कार्यमा सक्रिय रहने उनले प्रतिबद्धता जनाए । कार्यक्रममा हेटौंडा-२ का वडाध्यक्ष तथा भुटनदेवी अल्मुनाई एसोसिएसनका अध्यक्ष विष्णुगोपाल महर्जन, विद्यालयका निमित्त प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे, श्रमिक माविका प्रधानाध्यापक तथा वडा ४ का शैक्षिक गुणस्तर सुधार समिति संयोजक श्रीराम दाहाल, पूर्वप्रधानाध्यापक देव श्रेष्ठलगायतले दाहालको योगदानको प्रशंसा गर्दै उनको अवकाशपछिको जीवन सुखमय रहोस् भन्ने शुभकामना व्यक्त गरे ।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईं, विद्यालयका शिक्षक, कर्मचारी, व्यवस्थापन समिति सदस्य तथा स्थानीय शैक्षिक व्यक्तित्वको उपस्थिति रहेको थियो ।

# दशैं-तिहारका फिल्मको व्यापार: 'जेरी अन टप' अग्रस्थानमा, 'सोल्टिनी' सबैभन्दा पछाडि



काठमाडौं/यसपालिको दशैं र तिहारमा प्रदर्शन भएका सात फिल्मले घरेलु बक्स अफिसमा गरेको व्यापार सार्वजनिक भएको छ । चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको कात्तिक १५ गतेसम्मको तथ्यांकमा सबैभन्दा धेरै कमाइ फिल्म 'जेरी अन टप'ले गरेको देखिन्छ । यसले ३ लाख ३३ हजार ६०५ वटा टिकट बिक्री गर्दै १० करोड ५१ लाख ४८ हजार कमाएको छ ।

'जेरी अन टप'पछि दोस्रो धेरै कमाइ दशैंको फिल्म 'बलिदान'ले गरेको छ । ५ करोड १० लाख ३४ हजारको व्यापार गरेको यो फिल्मको १ लाख ७१ हजार ६३ वटा टिकट बिक्री भएको बोर्डको तथ्यांकमा देखिन्छ । दशैंमा नै रिलिज भएको 'हरिबहादुरको जुत्ता' ४ करोड ७१ लाख ३७ हजार कमाउँदै तेस्रो स्थानमा छ । यसको १ लाख ४९ हजार २६७ वटा टिकट बिक्री भएको छ ।

त्यस्तै, दशैंमा आएको 'माइतीघर'ले कमाइमा चौथो स्थान ओगटेको छ । यसको १ लाख ४३ हजार ७१२ वटा टिकट बिक्री हुँदा ४ करोड १५ लाख ५१ कमाइ भएको छ । भाइटीकाको दिन रिलिज भएको फिल्म 'वरिष्ठ बलराम' कमाइमा पाँचौं स्थानमा छ । बोर्डको तथ्यांक अनुसार यो फिल्मले गत शनिबार सम्म २ करोड ४८ लाख ३० हजार रुपैयाँ आम्दानी गरेको छ ।

भाइटीकाको भोलिपल्ट रिलिज भएको 'मैझारो' कमाइको मामलामा छैटौं स्थानमा देखिएको छ । यसले १ करोड ९५ हजार कमाएको छ । सात फिल्ममध्ये सबैभन्दा न्यून कमाइ भाइटीकाको दिनदेखि प्रदर्शनमा आएको फिल्म 'सोल्टिनी'को छ, जसले ३० लाख पनि कमाउन सकेको छैन । यसले गत शनिबारसम्म जम्मा २८ लाख ८० हजार कमाइ गरेको छ ।

अघिल्लो दशैं र तिहारमा नेपाली फिल्मले झन्डै ९० करोडको व्यापार गरेका थिए । तर, यसपालि त्यसको आधाभन्दा पनि कम व्यापार भएको छ । सात फिल्मले एक महिनाको अन्तरालमा लगभग २९ करोड कमाएका छन् । यो व्यापारलाई उत्साहजनक नै मान्न सकिन्छ । किनभने, जेनजी आन्दोलनपछिको विषम परिस्थिति र बाढोपहिरोको प्रकोपबीच यो आम्दानी भएको हो ।

# कर्मचारी कटौतीप्रति संघीय संसद् असन्तुष्ट



काठमाडौं/सांसद्का स्वकीय र कतिपय पदाधिकारीको सचिवालयमा कर्मचारीको संख्या घटाउने सरकारको निर्णयप्रति सभामुख, राष्ट्रिय सभाका अध्यक्षसहित संघीय संसद्का पदाधिकारीले असन्तुष्टि जनाएका छन् ।

सोमबार साँझ प्रधानमन्त्री सुशीला कार्कीसँग भेटगरी सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख इन्दिरा राना, राष्ट्रिय सभा उपाध्यक्ष विमला घिमिरे, संघीय संसद्का महासचिव पदमप्रसाद पाण्डे, सचिवद्वय हर्कराज राई र रोजनाथ पाण्डेले त्यस्तो असन्तुष्टि जनाएका हुन् ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको भेटमा सभामुख घिमिरे र राष्ट्रिय सभा अध्यक्ष दाहालले सांसद्का स्वकीय र पदाधिकारीको सचिवालयको संख्या घटाएकोमा असन्तुष्टि व्यक्त गरे । उनीहरूले राज्य सञ्चालनका तीन वटै अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच चेक एन्ड ब्यालेन्स, समन्वय र परामर्श समेत हुने र हुनुपर्ने भन्दै प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गराए ।

'संसद् राज्यका तीनमध्ये एक महत्वपूर्ण अंग हो, संसद्का बारेमा परामर्श नगरी सरकारले निर्णय गर्न हुँदैनथ्यो,' सभामुख घिमिरेको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'राज्य सञ्चालन समन्वय, सहकार्य र परामर्शमा पनि हुन्छ, हुनुपर्छ । संसद्का सम्बन्धमा सरकारबाट हुने निर्णयमा परामर्श आवश्यक छ । यो सबैपक्षबाट ख्याल हुनुपर्ने विषय हो ।'

प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षले कर्मचारी कटौतीको विषयमा असन्तुष्टि जनाउँदा प्रधानमन्त्री कार्की भने यो विषयमा अनभिज्ञ रहेको अभास मिलेको भेटमा सहभागी एक पदाधिकारीले बताए ।

प्रधानमन्त्रीले छलफलकै बीच कुन निर्णयका आधारमा यस्तो भएको र यसको कानुनी आधार के हो भनेर सोधीखोजी गर्नुभयो,' ती पदाधिकारीले भने, 'एक प्रकारले यो विषयमा प्रधानमन्त्री अन्योल वा अनभिज्ञतामा रहेको जस्तो देखियो ।'

ती पदाधिकारीका अनुसार सभामुख घिमिरेले सरकारले सांसद्का स्वकीय र पदाधिकारीको सचिवालयबारे निर्णय लिँदा लिएको कानुनी आधारमा समेत प्रश्न उठाएका थिए । पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सकिने प्रावधानमा टेकेर सरकारले मर्का पर्ने गरी निर्णय लिएको भन्दै सभामुख घिमिरेसहित संसद्का अन्य पदाधिकारीहरूले पनि प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को दफा २५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने उल्लेख छ । यसैमा टेकेर सरकारले अनुसूचीमा हेरफेर गरेपछि सांसद र संसद्का पदाधिकारी अन्तर्गत रहेका प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभा उपाध्यक्ष, संसदीय विषयगत समितिका सभापति, मुख्यसचेतक र सचेतक र सांसदहरूको स्वकीय सुविधा खारेज भएको छ ।

संसदीय विषयगत समितिका सभापतिले समेत स्वकीयसचिव बाहेक कर्मचारी सुविधा प्राप्त गर्दै आएका छन् । तर, सरकारको पछिल्लो निर्णयले यसमा हेरफेर भएको छ । सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक सबैको स्वकीय सचिवसहित अन्य कर्मचारीको सुविधा कटौती भएकाले ३३२ जना स्वकीय सचिवको पद खारेज हुन पुगेको छ ।

यति ठूलो निर्णय लिँदा सरकारले किन परामर्श गरेन भनेर सभामुख घिमिरेले प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गरेका हुन् ।

'कतिपय अपांगता भएका माननीय हुनुहुन्छ । स्वकीय नहुँदा पर्ने अप्ठ्यारोदेखि संसद्ले नै काम गर्नमा समेत असहज महसुस हुने अवस्था सिर्जना भएको छ,' प्रधानमन्त्री समक्ष सभामुख घिमिरेले राखेका थिए । राष्ट्रिय सभा अध्यक्ष दाहालले प्रतिनिधिसभा हाललाई विघटित रहे पनि राष्ट्रिय सभा कायम रहेको भन्दै कर्मचारी कटौतीको निर्णयमा असन्तुष्टि राखे ।

राष्ट्रिय सभा अन्तर्गत चार वटा विषयगत समिति रहेको र ती समितिका सभापतिको सचिवालयमा रहेका कर्मचारी कटौती हुँदा तत्काल काममा असर पर्ने भन्दै उनले निर्णय पुनरावलोकनका लागि आग्रह गरे । उपसभामुख इन्दिरा रानाले मन्त्री सरहको मर्यादा भन्ने तर, व्यवहार त्यस्तो नहुने कुरा उचित नरहेको बताइन् ।

प्रधानमन्त्री कार्कीले आर्थिक मितव्ययिता सरकारको लक्ष्य रहेको भन्दै तथापि, आफू संसद्को विषयमा गम्भीर रहेको बताइन् । उनले अर्थमन्त्री र मन्त्रालयका पदाधिकारीहरूसँग छलफल गर्ने प्रतिवद्धता जनाएकी छन् । 'प्रधानमन्त्रीज्यूले अर्थमन्त्री र मन्त्रालयका पदाधिकारीहरूसँग छिट्टै छलफल गरेर खबर गर्छु भन्नुभएको छ,' ती पदाधिकारीले भने ।

संसद्का पदाधिकारीहरू बीच आइतबार दिउँसो सिंहदरबारमा यस विषयमा छलफल भएको थियो । सोही छलफलले प्रधानमन्त्रीसँग संवाद गर्नुपर्ने र त्यसका लागि सभामुखले पहल लिनु पर्ने निष्कर्ष निकालेको थियो । सोही अनुसार सोमबार सभामुखको पहलमा प्रधानमन्त्रीसँग छलफल भएको हो ।

संघीय संसद्रु अन्तर्गत प्रतिनिधिसभामा २७५ र राष्ट्रिय सभामा ५९ सदस्य रहने संवैधानिक व्यवस्था छ । यसैगरी, प्रतिनिधिसभा अन्तर्गत १० वटा, राष्ट्रिय सभा अन्तर्गत चार वटा विषयगत समिति रहने व्यवस्था छ । दुई वटा संयुक्त समिति छ । समितिका सभापतिले समेत स्वकीय सचिवको अलावा कर्मचारी सुविधा पाउँदै आएका छन् ।

तर, प्रचलित ऐन अनुसार उपसभामुख, उपाध्यक्ष र संसदीय विषयगत समितिका सभापतिहरूले पाउँदै आएको स्वकीय सचिव खारेज भएको छ । स्वकीय सुविधा खोसिए पनि उपसभामुख र उपाध्यक्षले पाउने अन्य सुविधा भने यथावत छ । जस अन्तर्गत दुवैले एक/एक जना कम्प्युटर अप्रेटर, दुई/दुई जना सवारी चालक, दुई/दुई जना कार्यालय सहयोगी पाउँछन् ।

यसका अलावा एउटा/एउटा प्रिन्टरसहितको कम्प्युटर, दुई/दुई वटा साइकल, अतिथि सत्कार खर्च प्रति महिना दुई/दुई हजार, अंग रक्षक पदिक एक/एक जना, विल्लादार गार्ड एक/एक जना पाउँछन् । राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्तापक्षको नेता र सत्तापक्षको मुख्य सचेतकले पाउँदै आएको एक/एक जना स्वकीय सचिव राजपत्र द्वितीयको सुविधा पनि खोसिएको छ । सभामुख र राष्ट्रिय सभाका अध्यक्षले पाउने सुविधाहरू भने यथावत छ ।

दुवैले स्वकीय सचिव (रा.प.प्र.) एक/एक जना, स्वकीय सचिव (रा.प.द्वि.) एक/एक जना, स्वकीय सचिव (रा.प.तृ.)एक/एक जना, कम्प्युटर अप्रेटर ( रा.प.अ.प्र.) एक/एक जना पाउँछन् । सवारी चालक (प्रथम स्तर) दुई/दुई जना, कार्यालय सहयोगी (प्रथम स्तर) दुई/दुई जना पाउँछन् ।

सभामुख र राष्ट्रिय सभा अध्यक्ष दुवैले प्रिन्टर सहितको कम्प्युटर एक/एक वटा, साइकल दुई/दुई वटा, अतिथि सत्कार प्रति महिना २५/२५ हजार, अंग रक्षक, पदिक एक/एक जना, विल्लादार गार्ड एक/एक जना, सैनिक जवान (सिपाही) १०/१० जना पाउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# जेनजी आन्दोलनपछि वैदेशिक रोजगारीमा जाने घटे




काठमाडौं/गत भदौमा भएको जेनजी आन्दोलनपछि वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या घटेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार भदौको तुलनामा असोजमा वैदेशिक रोजगारीमा जानेको संख्या १२ हजार ४ सय ७१ ले कम भएको हो । विभागका अनुसार भदौमा ४५ हजार ७ सय ३२ जनाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए । असोजमा ३३ हजार २ सय ६१ जनामात्र श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् ।

तर, पुन: श्रम स्वीकृति (श्रम स्वीकृति नवीकरण) गर्नेको संख्या भने भदौको तुलनामा असोजमा बढेको देखिन्छ । भदौमा २२ हजार २ सय ४० जनाले पुन: श्रम स्वीकृति लिएका थिए भने असोजमा ३१ हजार ३ सय ७३ जनाले पुन: स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ ।

जेनजी आन्दोलनपछि युनाइटेड अरब इमिरेट्स (यूएई) ले नेपालीलाई भिसामा कडाइ गरेको छ । जसका कारण प्रमुख श्रम गन्तव्य यूएई जानेको संख्या कम देखिएको छ । भदौमा १९ हजार ६ सय २ जना यूएईमा वैदेशिक रोजगारीका लागि गएका थिए भने असोजमा ९ हजार ८ सय ९८ मात्र गएका छन् । भदौको तुलनामा असोजमा ९ हजार ७ सय ४ ले कमी आएको छ ।

त्यस्तै साउदी अरब जानेको संख्यासमेत घटेको छ । भदौमा ६ हजार २३ जनाले श्रम स्वीकृति लिएर गएका थिए भने असोजमा २ हजार ९ सय ८४ जनामात्र गएका छन् । त्यस्तै कतार जानेको संख्या समेत भदौको तुलनामा असोजमा कमी आएको छ । मलेसिया, ओमान, कुवेत लगायत देश जानेको संख्या भने बढेको छ ।

# 'परान' हेर्दा दर्शकको रुवाबासी, कस्तो छ व्यापार ?

काठमाडौं/बाबु-छोराको भावनात्मक सम्बन्धमा आधारित फिल्म 'परान'ले व्यापारमा सुधारका लागि बक्स अफिसमा संघर्ष गरिरहेको छ । आइतबारसम्म व्यापारिक रूपमा अपेक्षित परिणाम नदेखिए पनि फिल्मले भावनात्मक कथावस्तुका कारण दर्शकको मन जित्न सफल भएको छ । हलमा फिल्म हेर्न पुगेका धेरैजसो दर्शकको आँखामा आँसु देखिनुले यसको भावनात्मक प्रभावलाई दशाउँछ ।

फिल्म हेर्ने क्रममा दर्शकहरू हलभित्रै रोएका दृश्य यतिबेला टिकटकमा छ्यापछ्याप्ती बनेका छन् । शुक्रबार एक पुरुषले फिल्म हेरिसकेपछि भक्कानिएर रोएको भिडियो सामाजिक सञ्जालमा भाइरल नै बनेको छ । एक बालिकाले हलभित्र रुँदै आफ्नो बुबालाई अंकमाल गर्दै विदेश छाडेर नजाने अठोट गरेको दृश्यले पनि फिल्मप्रति दर्शकको चासो बढाएको छ ।

फिल्मका मुख्य कलाकार नीर शाहले निभाएको बाबुको पात्रमा दर्शकहरूले बढी अपनत्व महसुस गरेका छन् । उनको जीवन्त अभिनयले दर्शकलाई कथामा समाहित गराएको देखिन्छ, जसका कारण हलमा रुवाबासी नै चलेको छ । फिल्म हेरिसकेपछि सामाजिक सञ्जालमा प्रशंसा गर्नेहरू पनि धेरै देखिएकाले 'परान' चाँडै 'एक कान दुई कान मैदान' हुने अपेक्षा गरिएको छ ।

यो फिल्मले परिवारको महत्व, बाबु-छोराको सम्बन्ध, पुँजीवादले प्रभावित भएको परिवार र दुई पुस्ताबीचको भिन्न सोच र सपनालाई मार्मिक रूपमा चित्रण गरेको छ । कसिलो पटकथा लेखनले दर्शकलाई फिल्मको पूरा अवधिभर हलमा बाँधेर राख्छ । मध्यान्तरअघि फिल्म अझ बलियो छ । पारिवारिक फिल्म मनपर्ने दर्शकका लागि 'परान' राम्रो छनोट हुनसक्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# स्वर्णमहोत्सवका अवसरमा शारदा माविले शिक्षक भलिबल गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ धादिङमा रहेको शारदा माध्यमिक विद्यालयको स्वर्णमहोत्सवका अवसरमा जिल्लास्तरीय शिक्षक भलिवल प्रतियोगिता हुने भएको छ ।

नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको आयोजनामा शारदा मावि प्राङ्गणमा आगामी मंसिर ५ र ६ गते जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिता हुने भएको हो । प्रतियोगिताको सम्पूर्ण आतिथ्य तथा व्यवस्थापन शारदा माध्यमिक विद्यालयस्थित जुनियर रेडक्रस सर्कलले गर्ने विद्यालयले जनाएको छ । जिल्लाभरका सामुदायिक तथा संस्थागत विद्यालयबीच मैत्रीपूर्ण प्रतिस्पर्धामार्फत शिक्षक तथा कर्मचारीबीचको खेलकुद संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले भलीबल खेलको आयोजना गरिएको शारदा माविका प्रधानध्यापक इन्द्रबहादुर कार्कीले बताए ।




आयोजकका अनुसार प्रत्येक विद्यालयबाट बढीमा १० जना खेलाडी शिक्षक तथा कर्मचारी सहभागी हुन पाउनेछन् । सहभागी खेलाडी २०८२ वैशाख मसान्तसम्म नियुक्ति भएका व्यक्तिमात्र हुनुपर्ने र नियुक्तिपत्रको प्रतिलिपि अनिवार्य रुपमा टिमको नामावलीमा समावेश गरिनुपर्नेछ । खेल अन्तर्राष्ट्रिय भलिबल महासंघको नियमअनुसार नकआउट प्रणालीमा सञ्चालन हुनेछ । विद्यालयको लेटरप्याडमा प्रअको प्रमाणित नामावली, व्यानर सहितको सामूहिक फोटो तथा आवश्यक कागजात पेश गरिसकेपछि टिम दर्ता मान्य हुने विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष नवराज हुमागाईले बताए ।

यदि कुनै विद्यालयका खेलाडीमाथि आपत्ति वा दाबी रहेको अवस्थामा खेल समाप्त भएको ३० मिनेटभित्र प्रमाणसहित ३ हजार रुपैयाँ बुझाएर निवेदन दिन सकिने आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने विद्यालयले नगद ५० हजार, रनिङशिल्ड, मेडल तथा प्रमाणपत्र पाउनेछ । द्वितीय हुने टोलीलाई ३० हजारसहित शिल्ड, मेडल एवं प्रमाणपत्र र सान्त्वना उपाधि प्राप्त दुई टोलीलाई जनही १५ हजारसहित मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट लिफ्टर पुरस्कारस्वरुप नगदसहित मेडल तथा प्रमाणपत्र पाउनेछन् । सहभागी टिमका लागि खान र बस्ने व्यवस्था आयोजक विद्यालयले गर्ने जनाएको छ । टिम दर्ता शुल्क प्रतिटिम ३ हजार रुपैयाँ रहनेछ । टिमदर्ता आउँदो मंसिर ४ गते दिउँसो २ बजेभित्र फोन वा इमेलमार्फत् गर्न सकिनेछ । सोही दिन दिउँसो ३ बजेपछि खेलतालिका सार्वजनिक गरिनेछ । कुनै टिमका प्रतिनिधि अनुपस्थित हुँदा तालिका प्रकाशनमा असर नपर्ने तथा प्राविधिक कारणले आवश्यक परेमा तालिका हेरफेर गर्न सकिने आयोजक समितिको भनाइ छ ।

शारदा माविले आफ्नो ५० औं वार्षिकोत्सव 'स्वर्णमहोत्सव' विशेष बनाउन मंसिर २ गते अभिभावक लोकदोहोरी प्रतियोगिता आयोजना गर्ने जनाएको छ । टोली दर्ता कार्तिक २५ गतेसम्म खुला र हनेछ । टोली दर्ता शुल्क ५०० तोकिएको छ । प्रथम, द्वितीय र तृतीय हुने टोलीले क्रमश: १५ हजार, १० हजार र ५ हजार नगदसहित प्रमाणपत्र प्राप्त गर्ने प्रधानध्यापक कार्कीले बताए । एक टोलीमा तीनजना रहने व्यवस्था मिलाइएको छ, जसमा कम्तिमा एकजना अभिभावक अनिवार्य हुनेछन् । वाद्यवादन तथा खाना विद्यालयले उपलब्ध गराउने सूचनामा उल्लेख छ । दुवै कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न विद्यालय तथा रेडक्रस शाखाले सबै विद्यालय र स्थानीय समुदायको सक्रिय सहभागिताको अपेक्षा गरेका छन् ।

# कैलाशका पाँच टोल पूर्णसरसफाई तथा खानेपानीयुक्त घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ मकवानपुरको कैलाश गाउँपालिका-१० का पाँचवटा टोललाई पूर्ण सरसफाईउन्मुख तथा सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गरिएको छ ।

सोमबार एक कार्यक्रमका बीच कौशीराङ-घट्टेचौर, कुमलटार, भाल्टार, सागिने र बाँझखेत टोललाई वडा अध्यक्ष सूर्यबहादुर ब्लोनको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा घोषणा गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मुक्तानले खानेपानी आमनागरिकको नैसर्गिक र मौलिकअधिकार रहेको बताए । खानेपानीको कार्यक्रमलाई दीगोपना दिन गाउँपालिकाले विभिन्न संस्थासँगको साझेदारीमा काम गरि रहेको अध्यक्ष मुक्तानले बताए । पानीको मुहान दर्ता गर्न आग्रह गर्दै मुहानको बीमा कार्यक्रम गाउँपालिकाले ल्याएको छ, दर्ता भएका मुहानको विपदमा भत्किएको अवस्थामा बीमामार्फत निर्माण गर्न सहज रहन्छ, मुक्तानले भने ।

खानेपानी शुद्धीकरण गर्न फिल्टर वितरण गरिएको र फिल्टरको मात्रै पानी प्रयोग गर्न आग्रह गरेका छन् । पानीका ट्यांकीलगायत अन्य संरचनाको सबै मिलेर व्यवस्थापन गर्न अध्यक्ष मुक्तानले निर्देशन दिए । ३ हजार देखि पैतीस सय घरधुरीमा एकघर एकधारा निर्माण गरिने लक्ष्य राखिएको उनले बताए । खानेपानी मात्र नभई सरसफाईमा समेत ध्यान दिन आग्रह गर्दै गाउँपालिकाले खानेपानीको क्षेत्र सहित विकास निर्माणका सडक तथा अन्य भौतिक संरचनाका कार्य धमाधम भइरहेको उनले बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले सर सफाईका सूचक र उपसूचकलाई पालना गर्न अनुरोध गरेका थिए । गरिएको प्रतिवद्धताअनुरुप काम गरि नुपर्ने बताउँदै खानेपानीको मुहानदेखि घरको धारासम्मका संरचना संरक्षण गर्नुपर्ने बताए । खानेपानी हामी सबैको मौलिक हक हो, शुद्ध खानेपानी पिउनका लागि गाउँपालिकाले साझेदारीमा काम गर्दै आइरहेको उपाध्यक्ष मल्लले बताए । फोहार पानी पिउँदा विभिन्न रोग लाग्ने वडाध्यक्ष ब्लोनले बताए । उनले मुहानदेखि भान्सासम्म पानी सफा हुनुका साथै घर, शौचालय, भान्सा, टोल समुदाय सफा राख्नु सबैको सामूहिक दायित्व रहेको बताए ।

ग्रामीण पुर्ननिर्माण केन्द्र (आरआरएन) का जिल्ला संयोजक लीलबहादुर कार्कीले प्रदुशित पानीले ६० प्रतिशत रोग लाग्ने बताए । जर्मन सरकारको डब्लुएचएचको सहयोगमा आरआरएनले गाउँपालिकासँग सहजीकरण गरी साझेदारीमा शुद्ध खानेपानी प्रयोग गरिनुपर्छ भनेर सुरक्षित पानी, सरसफाई अभियान सञ्चालन गरिएको बताए । 'सचेतना बढाउनुस्, सोच बदल्नुस, पानीको महत्व फराकिलो रहेको' उनले बताए । सरसफाईका ७ सूचक र २३ वटा उपसूचकलाई सबैले पालना गर्न आग्रह गरेका थिए ।

कार्यपालिका सदस्य सुन्तली सुनुवार, वडासदस्य जुनसरी राई र दिनेशकुमार थिङ, पूर्व वडाअध्यक्ष माणिकलाल मोक्तान, आधारभूत स्वास्थ्य केन्द्र भाल्टारका प्रमुख सन्तोषकुमार सिंह, कौशीराङ-घट्टेचौर खानेपानी उपभोक्ता समितिका अध्यक्ष संवेग सिन्तान, शान्तिश्रृजना आधारभूत विद्यालयका अध्यक्ष कमल अर्याल, खानेपानी समितिका अध्यक्ष हर्कबहादुर तितुङलगायतको आतिथ्यता रहेको थियो । कोशीराङ-घट्टेचौर टोलमा ३३ घरधुरी र कुमलटार, भाल्टार, सागिने र बाँझखेत टोलमा ९५ घरधुरीमा एकघर एकधारा निर्माण भएका छन् । सागिने टोल भने वडा नम्बर ९ मा पर्दछ ।

# भीमफेदी कारागार: १३ जना विदेशी कैदी फर्किए, २६ जना अझै फरार

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा मकवानपुरको भीमफेदी गाउँपालिकास्थित क्षेत्रीय कारागारबाट फरार भएका विदेशी कैदीमध्ये १३ जना कारागार फर्किएका छन् ।

कारागारको पर्खाल भत्काएर फरार भएका ३९ विदेशी कैदीबन्दीमध्ये १३ जना कारागार फर्किएको र २६ जना अझै फरार रहेको कारागारका प्रमुख सुवास पौडेलले जानकारी दिए । यस्तै भीमफेदी कारागारबाट फरार विदेशीसहित चार सय ४० कैदीबन्दी मध्ये हालसम्म दुई सय ८६ जना कैदीबन्दी कारागार फर्केका छन्,भने एक सय ५४ जना कैदीबन्दी अझै फर्किन बाँकी रहेका छन् । कारागार प्रमुख पौडेलका अनुसार अन्य कारागारबाट फरार भएका ७१ जनासमेत भीमफेदी कारागार फर्किएका छन् । अन्य कारागारका ७१ कैदीबन्दीमध्ये ३५ जनालाई स्थानान्तरण पठाइएको, एक जना थुनामुक्त भएको र ३५ जना कारागारमा रहेको प्रमुख पौडेलले बताए ।

कारागारको तीनवटा गेट फुटाई पश्चिमतर्फको पर्खाल भत्काएर (क) ब्लकबाट दुई ६० र (क) ब्लकबाट एक सय ८० गरी चार सय ४० कैदीबन्दी फरार भएका थिए । फरार कैदीबन्दीको खोजीको क्रममा सुरक्षाकर्मीले विभिन्न स्थानबाट कैदीबन्दीलाई नियन्त्रणमा लिई कारागारमा बुझाएको प्रमुख पौडेलले जानकारी दिए । कारागार बाट भागेका फरार कैदीबन्दीको खोजीकार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले बताए ।

# चितवनलाई प्रदेशको पर्यटन केन्द्र बनाउने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ बागमती प्रदेशको पर्यटन केन्द्र चितवन जिल्लालाई बनाउने गरी छलफल सुरु भएको छ । प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गतको पर्यटन कार्यालय सौराहाको आयोजनामा चितवनलाई बागमती प्रदेशको पर्यटन केन्द्रका रुपमा विकास गर्ने विषयमा भरतपुरमा स्थानीय तह पर्यटन शाखा र सरोकारवालाबीच छलफल भएको हो ।

चितवनको पर्यटन प्रवर्द्धनका लागि भावी रणनीति बनाउने बारेमा छलफल भएको थियो । मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले छलफलको सुरुवाताले चितवनको पर्यटन विकास अब नयाँ गति र उचाइ प्रदान गर्न सहयोग पुग्ने बताएका छन् । 'पर्यटन क्षेत्रको विकासका लागि सरकारको मात्र प्रयास पर्याप्त छैन, सबैको साझा प्रयत्न आवश्यक छ' उनले भने, 'हाम्रो पर्यटन क्षेत्र सुरक्षित छ भनेर सकारात्मक सन्देश पर्यटकसम्म पुऱ्याउनपर्ने दायित्व हामीमा आएको छ ।' आन्तरिक पर्यटक बढिरहेको र यसले पर्यटन क्षेत्रमा नयाँ आयाम थपिएको चर्चा गर्दै उनले निजीक्षेत्र र स्थानीय तहसँग समन्वयात्मक रुपमा अगाडि बढ्नुपर्नेमा जोड दिए ।

उनले चितवनलाई प्रदेशको पर्यटन केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण र नीतिगत सुधार आवश्यक भएको भन्दै छलफलबाट प्राप्त मार्गदर्शनले चितवनको पर्यटनले नयाँ दिशा पाउने विश्वास व्यक्त गरेका छन् । मन्त्रालयका महाशाखा प्रमुख प्रकाश अधिकारीले चितवनमा साहसिक पर्यटनलगायत पर्यटन प्रवर्द्धनका सम्भावनाबारे छलफल आवश्यक भएको बताए । कार्यक्रममा स्थानीय तहका प्रतिनिधि, पर्यटन व्यवसायी लगायतले धारणा राखेका थिए । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा चितवनलाई पर्यटकीय दृष्टिले बागमती प्रदेशको केन्द्रको रुपमा विकास गर्ने योजना राखिएको छ ।

# सचिव र सुरक्षा निकायलाई प्रधानमन्त्री कार्कीको १४ बुँदे निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ प्रधानमन्त्री सुशीला कार्कीले बिभिन्न मन्त्रालयका सचिव र सुरक्षा निकायलाई सरकारको सेवाप्रवाहलाई प्रभावकारी र परिणाममुखी बनाउन १४ बुँदे निर्देशन दिएकी छन् ।

प्रम कार्कीले सोमबार अपराह्न सिंहदरबारमा सचिवहरु र सुरक्षा निकायका प्रमुखलाई बोलाएर जेनजी आन्दोलनको भावनाअनुसार सुशासनको प्रत्याभूतचि हुने गरी काम गर्न निर्देशन दिएकी हुन् । उनले भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवाप्रवाहमा उल्लेख्य सुधार भएको अनुभूति हुने गरी सबै मन्त्रालयलाई ब्लुप्रिन्ट तयार गरी कार्यान्वयन गर्न भनेकी छन् । उनले सार्वजनिक खर्चमा मितव्ययिता अपनाउन पनि भनेकी छन् ।

'भदौ २३ र २४ गतेको आन्दोलनको मर्म र भावना बमोजिम भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्नेगरी सबै मन्त्रालयहरूले ब्लुप्रिन्ट तयार गरी कार्यान्वयन गर्नुहोस्,' कार्कीले भनिन्, 'सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्न अर्थ मन्त्रालयले जारी गरेको परिपत्रलाई कडाइका साथ पालना गर्नुहोस् ।' प्रधानमन्त्री कार्कीले निजीक्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न पनि निर्देशन दिएकी छन् ।

'निजीक्षेत्रको मनोबल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्नुहोस्,' उनले भनिन्, 'आमनागरिकमा सरकारप्रतिको भरोसा वृद्धि गर्ने एवं निजामती कर्मचारी र सुरक्षाकर्मीमा मनोबल वृद्धि गर्ने उपाय अवलम्बन गर्नुहोस् ।' प्रम कार्कीले कर्मचारीको सरुवाबढुवा प्रणालीलाई अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाउन, आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको नीति र कार्ययोजना बनाउन तथा



निर्वाचनको पूर्वतयारीका लागि आआफ्ना जिम्मेवारीका कार्य चुस्तदुरुस्तरुपमा सम्पादन गर्न निर्देशन दिएकी छन् ।

'निर्वाचनको वातावरण बनाउन निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल र अन्य सरोकारवालासँग निरन्तर संवाद गरिरहेको र निर्वाचनको पूर्वतयारीका लागि आआफ्ना जिम्मेवारीका कार्यलाई चुस्तदुरुस्तरुपमा सम्पादन गर्नुहोस्,' उनले भनिन् । प्रम कार्कीले कानुनको शासन प्रत्याभूत गराउनका लागि कुनै सम्झौता नगर्न तथा अनावश्यक देखिएका संरचना खारेज गर्ने काम सुरु गर्न पनि भनेकी छन् । 'कानुनको शासन प्रत्याभूत गर्न सबैखाले आपराधिक क्रियाकलाप नियन्त्रण गर्नु पर्नेछ । यसमा कुनै सम्झौता नगर्नुहोस्,' उनले भनिन्, 'अनावश्यक देखिएका संरचना खारेज गर्ने गाभ्ने तथा हस्तान्तरण गरी सार्वजनिक प्रशासनलाई चुस्तदुरुस्त र उच्च उत्पादकत्वयुक्त बनाउने कार्य तत्काल प्रारम्भ गर्नुहोस् ।'

# एन्फा प्रेसिडेन्ट कप कार्तिक १९ गतेदेखि हुने




साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा हेटौंडामा एन्फा प्रेसिडेन्ट लिग २०२५ हुने भएको छ ।

एन्फाले सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै कार्तिक १९ गतेदेखि मंसिर २ गतेसम्म प्रतियोगिता हुन लागेको जानकारी दिएको हो । हेटौंडा उपमहानगरपालिका वडा नं. ६ स्थित गौरीटार रंगशालामा हुने लिगमा १० टोलीले प्रतिस्पर्धा गर्ने एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिएका छन् । उनका अनुसार एन्फा फुटबल विकास कार्यक्रम अर्न्तगत एन्फामा आवद्ध जिल्ला लिगबाट च्याम्पियन भई प्रदेश लिगबाट छनोट भएका कुल १० टिमको सहभागिता रहेको छ ।

सहभागि टिमलाई दुई समूहमा विभाजन गरी लिगकम नकआउट आधारमा प्रतियोगिता सञ्चालन हुनेछ । लिगमा कोशी प्रदेशबाट गाईघाट फुटबल क्लब उदयपुर र देउराली युथ क्लब धनकुटा, मधेश प्रदेशबाट नवजागृति क्लब बारा, बागमती प्रदेशबाट चित्लाङ फुटबल क्लब काठमाडौं र टाईगर्स टिम दोलखा, गण्डकीबाट हैरान्स क्लब तनहु र लालीगुराँस एसोसियन क्लब कास्की, लुम्बिनीबाट जनजागृति युवा क्लब बर्दिया, सुदुर पश्चिमबाट बिजय स्पोर्टस् क्लब कैलाली र कर्णालीबाट कात्रेविहार युथ क्लव सुर्खेत सहभागी छन् ।

उनका अनुसार प्रत्येक टोलीले 'ए' डिभिजनका ३ र राष्ट्रिय एन्फा प्रेसिडेन्ट कप कार्तिक १९ गतेदेखि हुने टिमका २ जना गरी ५ जना खेलाडी समावेश गर्न पाउँदा विदेशी खेलाडी भने राख्न नपाउने भएको छ । लिगको सेमिफाइनलमा पुग्ने चार टोलीले यसैवर्ष सञ्चालन हुने राष्ट्रिय लिग प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रतियोगिताको विजेता टोलीले १० लाख र दोस्रो टोलीले ५ लाख रुप्याँ प्राप्त गर्नेछ । त्यसैगरी विधागततर्फ फेयर प्ले टिम र मोस्ट भ्यालुएबल टिमलाई ५०-५० हजार, उत्कृष्ट गोलकिपर र सर्वाधिक गोलकर्तालाई २५-२५ हजार, प्रत्येक खेलको म्यान अफ दि म्याचलाई ५ हजार सहित ट्रफी प्रदान गरिने छ ।

प्रतियोगिता सञ्चालनका लागि १ करोड ५४ लाख ५४ हजार रुपैयाँ बजेट रहेको प्रवक्ता शाहले बताएका छन् । यस प्रतियोगितामा सहभागी टिमलाई ट्रेनिङको लागि हेटौंडा उपमहानगरभित्र २ वटा खेलमैदानको व्यवस्था गरिएको र तयारीको लागि प्रत्येक टिमलाई ७ लाख प्रदान गरिने भएको छ । यस प्रतियोगिताको स्थानीय आयोजक मकवानपुर जिल्ला फुटवल संघ रहने छ । पत्रकार सम्मेलनमा एन्फाका केन्द्रीय सदस्य एवम् प्रतियोगिताका संयोजक टीकाराम लामा, एन्फाका लिग निर्देशक सन्जीव मिश्र, सदस्यसंयोजक लवराज ठकुरी, एन्फा मकवानपुरका उपाध्यक्ष युवराज लामा, कोषाध्यक्ष अमृत लुङ्बालगायतको उपस्थिति थियो ।

# आन्दोलनका घाइते र मृतकका नाममा १२ करोड ८० लाख निकासा

साझाकुरा संवाददाता

हेटौंडा, १७ कात्तिक/ जेनजी आन्दोलनका क्रममा घाइते भएका र मृतकका परिवारको नाममा अर्थ मन्त्रालयले अहिलेसम्म १२ करोड ८० लाख रुपैयाँ निकासा दिएको छ ।

अर्थ मन्त्रालयकाअनुसार घाइतेलाई तत्काल भैपरी खर्चवापत कुल २ हजार ४२९ जनालाई प्रतिव्यक्ति २० हजारका दरले रकम उपलब्ध गराइएको छ । यस्तो कुल रकम ४ करोड ८५ लाख ८० हजार हुन आउँछ । त्यस्तै मृतकका परिवारलाई १५ लाखका दरले सहायता, काजकिरिया, खाना तथा यातायात खर्च उपलब्ध गराइएको छ । अहिलेसम्म कुल ५३ परिवारले यस्तो सहायता पाएका छन् । यो सहायता रकम कुल ७ करोड ९५ लाख रुपैयाँ निकासा दिइएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सुरक्षा निकायका सवारीसाधन खरिदमा समेत ठूलो रकम निकासा दिएको छ । नेपाल प्रहरीका लागि १ सय थान पिकअप र ६ थान कैदी बाहन खरिद गर्न ४५ करोड ३० लाख रुपैयाँ थप बजेट उपलब्ध गराउन स्रोत सहमति दिइएको छ । सशस्त्र प्रहरी बल नेपालका लागि २० थान पिकअप, २० थान दंगा नियन्त्रक बाहन, २ थान एम्बुलेन्स, ३ थान डिजास्टर रेस्क्यू भ्यान र ५ थान ट्रक खरीद गर्न २३ करोड ५ लाख थप बजेट उपलब्ध गराउन स्रोत सहमति दिइएको छ । आन्दोलनका क्रममा सुरक्षाकर्मीका सवारीसाधनमा अधिक क्षति पुऱ्याइएको थियो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
श्री जनप्रिय माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौंडा-१६, चिसापानी
सीप हुन्छ हातमा, रोजगारी साथमा
भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।
बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आ.व. ०८२/८३ को स्वीकृत बजेट अनुसार प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) द्वारा ENSSURE परियोजनाको प्राविधिक सहयोगमा नि:शुल्क रुपमा सञ्चालन हुने तपशिल बमोजिमको प्रि डिब्लोमा तह २४ महिने औद्योगिक प्रशिक्षार्थि प्रशिक्षण (APPRENTICESHIP) कार्यक्रममा भर्ना खुल्यो ।
कार्यक्रम: प्रि डिप्लोमा तह इलेक्ट्रिकल इन्जिनियरिङ्ग
नि:शुल्क अध्ययनको अवसर
आवेदन दिने अन्तिम मिति: २०८२ कात्तिक २८ गते
अर्न्तवार्ता मिति: २०८२ मसिर ०५ गते
समय: बिहान ९:०० बजे
आवेदन फाराम पाईने स्थान: विद्यालय प्रशासन/लेखा शाखा
न्यूनतम शैक्षिक योग्यता र आवश्यक कागजात
SEE मा NG ग्रेड हुनेहरुले पनि फारम भर्न पाईने
जन्मदर्ता वा नागरिकताको प्रतिलिपी-१ वटा
पासपोर्ट साईजको फोटो-२ वटा
औद्योगिक प्रशिक्षार्थी तालीम कोटा: २५ जना
SEE परिक्षामा सहभागी भएको प्रमाण-पत्रको प्रतिलिपी
कार्यत्रमका विशेषताहरु:
- नि:शुल्क अध्ययन ।
- रोजगारीको सुनिश्चितता ।
- दक्ष एवम् अनुभवी प्रशिक्षक ।
- अत्याधुनिक प्रयोगशालाको व्यवस्था ।
- पोशाक भत्ता प्रति वर्ष ३००० का दरले दुई पटक
- खाजा तथा यातायात खर्च स्वरुप प्रशिक्षार्थीहरुले प्रति हाजिरी दिन रु. १००।- पाउने ।
सीट सिमित रहेकोले समयमै आवेदन दिनुहुन जानकारी गराईन्छ ।
थप जानकारीका लागी
९८४५२३४७५५, ९८५५०६७८९३, ९८४५५३६८९५, ९८४५०३०१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना